# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ४० पूर्णाङ्क ८९ | २०७४ चैत २६ गते सोमबार | Monday, 9 April, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-



## श्रद्धाञ्जली तथा समवेदना व्यक्त



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण' पार्टीका पोलिटव्यूरो सदस्य इन्द्रमोहन सिंग्देल'वसन्त'का पिता विष्णुप्रसाद उपाध्यायको ९६ वर्षको उमेरमा भएको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै उपाध्यायप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ। आइतबार एक श्रद्धाञ्जली वक्तव्य जारी गर्दै महासचिव किरणले नेता सिंग्देलसहित शोकाकूल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्नुभएको छ।

तनहुँको चिउँ निवासी उपाध्यायको चैत २४ गते शनिबार निधन भएको थियो । इन्द्रमोहन सिंग्देल'वसन्त' उहाँका जेठा छोरा हुनुहुन्छ। उहाँका तीन छोरा बुहारी, एक छोरी ज्वाइँ, ५ नाति/बुहारी, २ पनाती र २ पनातिनी छन्।

# जलसम्पदा भारतलाई सुम्पेर समृद्धिको नारा



● **वर्गदृष्टि संवाददाता**

काठमाडौं। नेपालको आर्थिक विकासको प्रमुख आधारको रूपमा रहेको जलसम्पदा भारतलाई सुम्पेर प्रधानमन्त्री केपी शर्मा ओलीले 'समृद्ध नेपाल : खुशी नेपाली'को नारा लगाएका छन् । सन् पचासको सन्धिलगायत विगतमा गरिएका कोशी, गण्डकी, महाकाली, माथिल्लो कर्णाली, सुनकोशी, अरुण तेस्रोलगायतका जलविद्युत सम्झौताहरूको भारतीय समकक्षी नरेन्द्र मोदीसमक्ष कार्यान्वयनको प्रतिबद्धता जनाएका छन् । ओलीको भारत भ्रमणलाई लिएर भ्रमण सफल भएको, भारतसँग सम्बन्ध सुधार गर्न ओली सफल भएको आदि चर्चा नेपाली राजनीतिक बजारमा चलिरहँदा विकास, समृद्धि तथा स्थायित्वको लागि मुख्य आधारकै रूपमा रहेको जल तथा प्राकृतिक सम्पदाहरू भारतलाई जिम्मा लगाएर नेपालको आर्थिक विकास तथा समृद्धि चाहिं कसरी गर्न सकिन्छ भन्ने विषयमा चर्चै भएको पाइन्न ।

अर्बौंको व्यापारघाटा, गहिरिदो आर्थिक संकट, बढ्दो भारत निर्भरतालाई अझ बढवा दिने गरी स्वदेशी लगानीमा नै बनाउन सकिने माथिल्लो कर्णाली, अरुण तेस्रो जस्ता जलविद्युत आयोजनाहरू समेत कौडीको मूल्यमा भारतलाई सुम्पेर आर्थिक समृद्धि, विकास र स्थायित्वको नारा लगाएर ओली नेतृत्वको सरकारले मुलुक र जनतालाई धोका दिइरहेको विश्लेषण हुन थालेको छ ।

चैत्र २३ देखि २५ सम्म भारत भ्रमण गरेका प्रधानमन्त्री ओलीले नेपालको जलसम्पदा, सुरक्षा र परराष्ट्र मामिलामा एकाधिकार स्थापित हुने गरी विगतमा गरिएका सन्धिसम्झौताहरूको भारतीय चाहना अनुसार नै प्रभावकारी कार्यान्वयन गर्ने वाचा गरेपछि नै दिल्लीले ओलीलाई उच्च सम्मान दिएको परराष्ट्र मन्त्रालयका एक उच्च अधिकारीले दावी गरे। ओलीलाई दिल्लीले गार्ड अफ अनरदेखि राष्ट्रपति भवनमा राखेर सम्मान गरेको थियो ।

परराष्ट्रका अधिकारीले भने, "जलसम्पदा भारतलाई सुम्पेर समृद्धिको नारा लगाउनु भनेको जनताको आँखामा छारो हाल्नुबाहेक केही होइन । नेपालको आर्थिक विकास गर्न त माथिल्लो कर्णाली, अरुण तेस्रो जस्ता सस्तोमा बन्न सक्ने जलविद्युत परियोजनाहरू नेपाल आफैले बनाउनु पर्दथ्यो । सम्झौता गर्दा पनि नेपालको हात माथि पर्ने ...बाँकी ८ पेजमा

## 'नयाँ जनवादी क्रान्तिका लागि बन्दुक उठाउनु पर्छ'

पोखरा । कास्कीको पोखरामा २९ औं जनआन्दोलन दिवसको अवसरमा आयोजित एक भव्य सभालाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का नेताहरूले नयाँ जनवादी क्रान्तिका लागि बन्दुक उठाउनुपर्ने विचार व्यक्त गर्नुभएको छ।

पोखराको अमर सिंह चोकबाट निस्किएको गगन भेदी नारासहितको ¥याली बुद्ध चोक, लखन चोक, सभा गृह चोक, सृजना चोकको परिक्रमा गरी कान्तिपुर पाटी प्यालेसमा पुगी सभामा परिणत भएको सभालाई सम्बोधन गर्दै पार्टी स्थायी समिति सदस्य तथा कार्यक्रमका प्रमुख अतिथि परि थापाले अहिलेको संविधान प्रतिगामी रहेको र कथित वाम गठनबन्धन पनि भारतीय विस्तारवादको दलाल तत्वमा पतन भएको स्थितिमा देश र जनताको रक्षाका लागि नयाँ जनवादी क्रान्ति अपरिहार्य भएको बताउनु भयो ।

कार्यक्रमलाई सम्बोधन गर्ने अन्य वक्ताहरूले पनि नयाँ जनवादी क्रान्तिका लागि बलपूर्वक संघर्षको आवश्यकतामाथि जोड दिनु भएको थियो।

क्रान्तिकारी माओवादीको कास्की जिल्लाले आयोजना गरेको उक्त कार्यक्रमको अध्यक्षता कास्की जिल्ला पार्टी इन्चार्ज रामजि थापाले गर्नुभएको थियो भने संचालन जिल्ला सहसेक्रेटरी परशुराम कोइरालाले गर्नुभएको थियो ।

पार्टी जिल्ला सदस्य भोजराज त्रिपाठीले संचालन गरेको कार्यक्रममा पार्टी पिविएम सिताराम तामाङ, पिविएम तथा ४ नं. ...बाँकी ६ पेजमा

## देशैभर मनाइयो जनआन्दोलन दिवस

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले विभिन्न कार्यक्रम गरी देशैभर २९ औं जनआन्दोलन दिवस मनाएको छ । ७ वटै प्रदेशका अधिकांश जिल्लामा विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन् । क्रान्तिकारी माओवादीले जारी संगठन विस्तार, सदृढीकरण तथा जनपरिचालन अभियानकै बीचमा जनआन्दोलन दिवस मनाएको हो । प्राप्त समाचार अनुसार पार्टी महासचिव मोहन वैद्य' किरण' पार्टीको युवा संगठन क्रान्तिकारी युवा लिगको झापा जिल्लाले आयोजना गरेको दोस्रो सम्मेलन उद्घाटन गर्न पुग्नुभयो भने पार्टी स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सदस्य समेत रहनु भएका नेता सीपी गजुरेलले मोर्चाको चितवन जिल्लाको प्रथम जिल्ला सम्मेलन उद्घाटन गनुभयो । पार्टी स्थायी समिति सदस्य रामसिंह श्रीसले काठमाडौंमा आयोजित ...बाँकी ६ पेजमा


**नयाँ वर्षको**

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०७५ को शुभअवसरमा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रो.- शेरबहादुर नकर्मी

**नकर्मी मेटल वर्कसप**

मन्थली-४, रामेछाप, ९८५४०४०२९७

**हाम्रा सेवाहरू**

विद्यालय भवनका लागि चाहिने जि.आइ.सिजको झ्याल ढोका, ट्रस्ट डेस्क, बेन्चलगायत भवन निर्माणलाई चाहिने सम्पूर्ण सामग्रीहरू रड, सिमेन्ट, जस्तापातालगायत सुलभदरमा सामानहरू पाइन्छ ।


## चार वामले राष्ट्रघातका विरूद्ध संयुक्त संघर्ष गर्ने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य ' किरण', नेकपा (मसाल)का महामन्त्री मोहन विक्रम सिंह, नेकपा (विप्लव)का प्रवक्ता प्रकाण्ड र नेकपाका अध्यक्ष ऋषि कट्टेलले संयुक्त रूपमा वक्तव्य जारी गर्दै नेपाल सरकारका प्रधानमन्त्री ओलीको आसन्न भारत भ्रमणका क्रममा हुन लागेको राष्ट्रघातका विरुद्ध संयुक्त संघर्ष गर्ने घोषणा गरेका छन् ।

२०७४ चैत २१ गते चार कम्युनिस्ट पार्टीहरूको संयुक्त बैठकले गरेका ३ बुँदे निर्णयहरू सार्वजनिक गर्दै गर्न जारी गरिएको वक्तव्यमा राष्ट्रियता, जनतन्त्र र जनजीविका सम्बन्धी परस्पर सहमति भएका विषयहरूमा कार्यगत एकता गरी संयुक्त संघर्ष गर्न सहमत भएको जनाइएको छ ।

वक्तव्यमा नेपालका प्रधानमन्त्रीको आसन्न भारत भ्रमणका क्रममा यसभन्दा अगाडि नेपाल-भार बीचमा भएका राष्ट्रहित विपरीतका ...बाँकी ६ पेजमा

### 'संयुक्त प्रेस वक्तव्य

मितिः २०७४/१२/२२

मिति २०७४ चैत २१ गते चार कम्युनिस्ट पार्टीहरूको संयुक्त बैठक बस्यो। बैठकले लिएका निर्णयहरू सार्वजनिक गर्न यो संयुक्त प्रेस वक्तव्य जारी गरिएको छ।

१) नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्ने आधार तयार पार्न छलफल र बहसलाई अगाडि बढाउने ।

२) राष्ट्रियता, जनतन्त्र र ...बाँकी ६ पेजमा

## 'राष्ट्रिय स्वाधीनताको लागि दलालहरूका विरुद्ध आन्दोलन केन्द्रित गर्नुपर्छ'

काठमाडौं । राष्ट्रघाती सन्धिसम्झौताका विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल), नेकपा (विप्लव) र नेकपा (ऋषि कट्टेल)ले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा वक्ताहरूले राष्ट्रिय स्वाधीनताको रक्षाका लागि दलालहरूका विरुद्ध आन्दोलन केन्द्रित गर्नुपर्ने विचार व्यक्त गरेका छन् । क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह श्रीसले प्रम ओलीले भारत जानुअघि नै भारतसँग गरिएका असमान तथा राष्ट्रघाती सन्धि सम्झौताहरू कार्यान्वयन गर्ने बताएर आफ्नो राष्ट्रघाती चेहेरा उदांगो पारेको बताउनु भयो । राष्ट्रिय स्वाधीनतामाथि साम्राज्यवाद तथा भारतीय विस्तारवादका दलालहरूबाट नै मुख्य खतरा ...बाँकी ६ पेजमा

## 'वाम गठबन्धनको नाममा जनतालाई धोका'

झापा । २९ औं जनआन्दोलन दिवसको अवसर पारेर नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिग झापाले आयोजना गरेको दोस्रो जिल्ला सम्मेलनको उद्धाटन गर्न झापा आइपुग्नुभएका क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य' किरण'ले झापा विद्रोह र जनयुद्धका धोकेबाजहरूले अहिले कथित वाम गठबन्धनको नाममा जनतालाई धोका दिइरहेको विचार व्यक्त गर्नुभएको छ।

महासचिव किरणले ०२८ सालको झापा विद्रोह, चैत्र ०४६ साल २४ को जनआन्दोलन, दशवर्ष लामो जनयुद्ध, १९ दिने जनआन्दोलन, मधेश तथा जनजाति आन्दोलनहरू क्रान्तिका लागि उर्जा, उत्प्रेरणा, महत्वपूर्ण शिक्षाका स्रोत भएको भन्दै ती सबै ऐतिहासिक आन्दोलन, विद्रोह तथा युद्धको नयाँ पुस्ताले गहिरो अध्ययन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । इतिहासका विभिन्न कालखण्डमा गरिएका वर्गसंघर्ष र बलिदानका इतिहासलाई विर्सन नहुने भन्दै महासचिव किरणले झापा विद्रोह र जनयुद्धका ...बाँकी ६ पेजमा

## राष्ट्रिय स्वाधीनताको लागि आन्दोलन निर्विकल्प

**नेपालको भूमि भारतले बनाएको एकपक्षीय बाँधका कारणले डुबानमा पर्दछ र लाखौं मानिसहरूको घरबास उठ्छ । प्रधानमन्त्री ओलीले यस विषयमा यसपल्ट कुरा राख्नुभयो भन्ने समाचार आएका छन् । तर प्रधानमन्त्रीले कुरा राखे पनि यस विषयमा कुनै सकारात्मक ठोस सहमति केही भएको छैन**



● रामसिंह श्रीस ●

प्रधानमन्त्री केपी शर्मा ओली चैत २३ गतेदेखि २५ गतेसम्मको भारत भ्रमण सकी स्वदेश फर्किसक्नुभएको छ । विगतमा नेपालका प्रधानमन्त्रीहरूले भारत भ्रमण गर्दा के-के असमान सन्धिसम्झौता गर्नेछन् भनेर स्वाभिमानी नेपालीहरू चिन्तित हुनुपर्थ्यो । यो पाला पनि प्रधानमन्त्री केपी ओली भारत भ्रमण जाँदा त्यो प्रकारको अवस्था सृजना भयो । पहिलो कुरा भ्रमणमा जानुभन्दा पहिले नै प्रधानमन्त्रीले पहिलेका सन्धिसम्झौताहरू जुन असमान र नेपाल राष्ट्रहित विपरीत छन्, तिनीहरूको कार्यान्वयन गर्ने कुरामा जोड दिने भन्ने कुरा सार्वजनिक गरे । दोस्रो कुरा, अरुण तेस्रो जलविद्युत परियोजनाको दिल्लीबाटै नेपाल र भारतका प्रधानमन्त्रीहरूले संयुक्त रूपमा शिलान्यास गर्ने कुरा कार्यक्रममा राखियो । देशभक्त नेपालीहरूले यसको विरोध गरे। चारवटा कम्युनिष्ट पार्टीहरू नेकपा (क्रान्तिकारी माओवादी), क.विप्लवले नेतृत्व गरेको नेकपा, ऋषि कट्टेलले ...बाँकी ७ पेजमा

## सम्पादकीय

# ओलीले गरेको राष्ट्रघात

चैत्र २३-२५, २०७४ मा भारतको भ्रमण गरेका नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारतीय समकक्षी नरेन्द्र मोदीले निकै ठूलो महत्व दिए र उच्च सम्मान पनि गरे । ओलीले सन् पचासको सन्धि लगायत त्यसयता भारतीय हितनुकूल हुने गरी गरिएका थुप्रै सन्धि सम्झौताहरू कार्यान्वयन गर्ने वाचा गरेपछि पाएको सम्मान हो यो । सत्तामा पुग्न र सत्तामा टिकिरहन नेपालको प्राकृतिक सम्पदा (खासगरी जलसम्पदा) भारतलाई सुम्पिने गरेका दलाल शासकहरूमध्ये पछिल्लो पटक सम्पन्न चुनावबाट शक्तिशाली प्रधानमन्त्रीको रूपमा शासनसत्ता सम्हाल्न पुगेका ओलीमार्फत् दिल्लीले आफ्ना दूरगामी महत्वका परियोजनाहरू कार्यान्वयनमा ल्याउन चाहेको छ । त्यसको प्रतिबद्धता ओलीले मोदीसमक्ष पटक पटक गरिसकेका छन् । यस पटकको दिल्ली भ्रमणमा दुई पटक भएका वन टु वन वार्तामा ओलीले मोदीलाई के के वचनबद्धता दिएका छन्, त्यो क्रमशः खुल्दै जाला ।

सन् पचासको सन्धि लगायत विवादास्पद पञ्चेश्वर जलविद्युत् आयोजना, बिप्पा समझौता, माथिल्लो कर्णाली, अरुण-३ सहितका ऊर्जा व्यापार सम्झौता, ऊर्जा विकास सम्झौता, आदिलाई निरन्तरता दिँदै व्यापार, पारवहनसहित आर्थिक, राजनीतिक, सामरिक, सांस्कृतिकलगायत विविध पक्षमा भारतीय विस्तारवादद्वारा गरिएका हस्तक्षेपप्रति ओली मौन मात्रै बसेनन्, अरुण तेस्रो जलविद्युत परियोजनाको भारतीय प्रधानमन्त्री मोदीको हातबाट नै शिलान्यास गराउन सहमत भएका छन् ।

नेपालका कम्युनिष्ट पार्टीको स्थापना कालदेखि नै सन् पचासको सन्धि, कोशी, गण्डकीलगायतका सन्धिहरूको खारेजीको माग हुँदै आएको छ । कुनै कालखण्डमा ओली, प्रचण्ड, बाबुरामहरूले यी मागहरू जोडतोडका साथ उठाएका थिए । राष्ट्रियताको प्रश्नसँग नेपालको कम्युनिष्ट आन्दोलन अभिन्न रूपमा जोडिदै आएको छ । तर विगतमा कांग्रेस र पञ्चहरूलाई समेत माथ गर्ने गरी कम्युनिष्ट आन्दोलन, युद्धको प्रक्रियाबाट शासन सत्तामा पुगेका कम्युनिष्ट तथा वाम आवरणका नेताहरूले नै भारतसँग राष्ट्रघाती सन्धि सम्झौता गर्न पुगेका छन् । यसअघि भएका सबै राष्ट्रघाती सन्धि सम्झौताहरूलाई नवीकरण गर्दै नेपालको सुरक्षा र परराष्ट्र मामिलासमेत भारतलाई सुम्पिने आसयको तत्कालीन प्रम पुष्पकमल दाहाल प्रचण्डले गरेको २५ बुँदे सम्झौता समेतको कार्यान्वयनको ठेक्का लिएर ओलीले अझ ठूलो राष्ट्रघात गर्न पुगेका छन् ।

महाकाली सन्धिताकाका भारतका खास मान्छे ओलीले मोदीले संयुक्त पत्रकार सम्मेलनमा उल्लेख गरेका अरुण– ३, पञ्चेश्वर, सप्तकोशी र सुनकोशीजस्ता परियोजनाहरू भारतीय चाहना अनुसार भारतलाई सुम्पन तयार भएपछि मोदीले भनेका छन्, "भारतको विकासका लागि मेरो 'सच्चा साथ सच्चा विकास'को मूल मन्त्र हो । नेपालका लागि प्रधानमन्त्री ओलीजीको 'समृद्ध नेपाल सुखी नेपाली'को अभियान एकअर्काका पूरक हुन् । हामी दुवै यसका लागि पूर्णतः सहमत छौं ।"

नेपालको आर्थिक विकासको प्रमुख आधारको रूपमा रहेको जलसम्पदा भारतलाई सुम्पेर प्रम ओलीले 'समृद्ध नेपाल, खुशी नेपाली' भन्दै जनताको आँखामा छारो हाल्ने नारा उरालीरहेका छन् । नेपालको मानवीय र प्राकृतिक सम्पदा विदेशीलाई बुझाएर नेपालको आर्थिक विकासको नारा दिनु भनेको जनतालाई मुर्ख बनाउने नाराबाहेक केही होइन । ओली र मोदीबीच यसपटक भएको १२ बुँदे सम्झौता, संयुक्त मन्तव्यलगायतका विषयलाई निकै ठूलो उपलब्धिको रूपमा चर्चा गरिएको छ । नेपाली मिडियाहरूले समुन्द्रसम्म नेपाललाई जलमार्ग दिन भारत सहमत भएको भन्दै यसलाई ओलीको भ्रमणको सफलताको रूपमा चर्चा गरिरहेका छन् । यसका पछाडिको भारतीय स्वार्थ र नेपालको जलसम्पदा, सुरक्षा र परराष्ट्रमाथि भारतीय एकाधिकार कसरी ओलीले बलियो गरी स्थापित गराए भन्ने कुराको कुनै चर्चा छैन । सतहमा जनताले अनुभूत गर्न नपाउने गरी ओलीले दूरगामी रूपमा नेपालको भावी पुस्ताले ठूलै मूल्य चुकाउनु पर्ने राष्ट्रघात गरेर आएका छन् । ती सम्झौताहरू कार्यान्वयनको तहमा पुगेपछि मात्रै आम नेपाली जनतालाई आभाष हुनेछ । त्यसबेला धेरै ढिलो भइसकेको हुनेछ ।

यसर्थ, ती राष्ट्रघाती सन्धि सम्झौता कार्यान्वयन हुन नदिने वातावरण निर्माण गर्न देशभक्त तथा क्रान्तिकारी शक्तिहरूले अहिलेदेखि नै राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई घनिभूत बनाएर लैजान जरुरी छ । देशको जलसम्पदा तथा प्राकृतिक सम्पदा, सीमा तथा सार्वभौमिकताको रक्षा अब कम्युनिष्ट क्रान्तिकारी शक्तिबाहेकले गर्न सक्दैनन् । त्यसका निम्ति सच्चा कम्युनिष्ट, देशभक्त र क्रान्तिकारी शक्तिहरू एकभएर अगाडि बढ्नुको विकल्प छैन ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# नयाँ जनवादी क्रान्ति र साम्राज्यवाद

● अटल ●

नेपाल अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक एवं नवऔपनिवेशिक देश रहिआएको छ । नयाँ जनवादी क्रान्तिले यो समस्याको हल गर्दछ । विगतमा नयाँ जनवादी क्रान्तिको पक्षमा उभिएका क्रान्तिकारी पार्टीहरू र नेता तथा कार्यकर्ताहरू साम्राज्यवादी तथा विस्तारवादी आतंकका कारण आफ्नो रंग बदल्न पुगेका छन् । विगतमा देश, जनता, पार्टी र क्रान्तिको पक्षमा गरिएका त्याग, तपस्या, बलिदान जेल, नेल, घाइते अपाङ्गको कुनै मूल्यबोध नहुने गरी विचारमा स्खलित हुन पुगेका छन् । ती नयाँ खासगरी एमाले, मा.के. र नेमकिपा पार्टीहरू र तिनका नेता तथा कार्यकर्ता पर्दछन् ।

आज पनि नेपाली समाजको अन्तरविरोध दलाल एवं नोकरशाही पुँजीपति र समान्तवर्ग मिलेर बनेको घरेलु प्रतिक्रियावाद, जसलाई साम्राज्यवाद र विशेषतः भारतीय विस्तारवादद्वारा निर्देशित र परिचालित गरिएको छ, त्यो वर्ग नै नेपाली जनताको प्रमुख वर्ग दुश्मन रही आएको छ र यो वर्गअन्तरविरोध नै नेपाली समाजको प्रमुख अन्तरविरोध हो । यसबाट छुटकारा नपाइकन नेपालको स्वतन्त्र अर्थतन्त्रको विकास हुन सक्दैन । नेपाल स्वाधीन राष्ट्र बन्न सक्तैन ।

विगत नेपालको इतिहास हेर्ने हो भने नेपाल निकै सम्पन्न दक्षिण एशियामा राम्रो अर्थतन्त्र भएको देश थियो । मध्यकालमा त्यही आर्थिक समृद्धिका कारण बनेका कैयौं कला संस्कृति अहिले पनि विश्व सम्पदाको सूचीमा सुचिकृत छन् । जब सन् १८१६ को सुगौली सन्धि भयो, त्योदेखि यता हाम्रो देश अर्ध-औपनिवेशिकतामा बदलिएको छ र हिजोआज अझ रूप परिवर्तन भएर नव-औपनिवेशिकतामा समेत बदलिएको छ । यही समस्याको हल गर्नु नै नयाँ जनवादी क्रान्ति हो । नयाँ जनवादी क्रान्तिका मुख्य दुई कर्याभार छन्, प्रथम- राजनैतिक रूपमा सर्वहारा वर्गको नेतृत्वमा किसान-मजदुर एकतामा आधारित राज्य व्यवस्था, द्वितीय- साम्राज्यवाद र विस्तारवाद मुक्त स्वाधीन अर्थतन्त्र । यी कुरा पुरा नभई नयाँ जनवादी क्रान्ति पुरा भयो भन्नु सिद्धान्तअनुसार आफू बदलिनु नभई आफू अनुकूल सिद्धान्त बदल्नु हो । वर्षको सात खर्ब ब्यापार घाटा पालेर नेपाल स्वाधीन अर्थतन्त्र भएको देश हो भनेर फलाको हाल्नु सुतुर मुर्गले बालुवामा टाउको घुसारेर लुक्नु र लौ कुत्ता मेरो खुट्टा खा भने झैं शिकारीको सजिलो शिकार बन्नु हो । हाम्रा बाबुबाजेको पालासम्म पनि ब्यापार सन्तुलन हाम्रो पक्षमा थियो ।

तराईको चारकोशे झाडी विट्रिश-भारतलाई बेचेर रेलको लीक ओछ्याउन दिँदा नेपालको मुद्राकोष मूल्य पहिला ६० नेपाली बराबर १०० भारु पछि गएर क्रमशः १०० को १०४ र बराबरी हुँदै अहिले उल्टो दिशामा गएर १०० भारु किन्न १६० नेपाली दिनुपर्ने अवस्थामा पुग्यो । यो पनि वास्तविक मुल्य होइन । नेपालका सम्पूर्ण दक्षिणी एवं पूर्व र पश्चिमी बजार सबै नेपाली ग्राहकले भरिएका छन् । नेपाली बजारभन्दा भारतीय समान निकै सस्ता छन् । भारतीय व्यापारीको रजगज छ भने नेपाली व्यापारी झिंगा धपाएर बस्दछ ।

> **जब सन् १८१६ को सुगौली सन्धि भयो, त्योदेखि यता हाम्रो देश अर्ध-औपनिवेशिकतामा बदलिएको छ र हिजोआज अझ रूप परिवर्तन भएर नव-औपनिवेशिकतामा समेत बदलिएको छ । यही समस्याको हल गर्नु नै नयाँ जनवादी क्रान्ति हो ।**

भारु सटही समेत हुँदैन नेपाली मुद्रामा । भाइबहिनी छोरा छोरीले विदेशमा कमाएको डलरबाट भारु साटेर कारोबार गर्नु परेको छ । नेपालको स्वाधीन अर्थतन्त्र चलाउने हो भने नेपालमा उत्पादन बढाउने र नेपाली मुद्राको तुरुन्त अवमूल्यन गर्न जरुरी भइसकेको छ । जसरी होस् भुक्तान सन्तुलन नेपालको पक्षमा बनाएर राणाहरूले आफ्नै लागि भएपनि बनाएका विलासी भवनहरूमा नै नेपालको मूलभूत राज्यसत्ता र प्रशासनयन्त्र सञ्चालन भइरहेको छ । के यो २० वर्षे पञ्चायतीकाल र अबको पाँच वर्षपछि ३० वर्षे संसदीय बहुदलीय व्यवस्थाको लागि कुरी कुरी गर्ने विषय होइन ? पासोमा काठको बिँड राखेर सम्पूर्ण काठ भएछु भनेर बञ्चरोले भने जस्तो, सात खर्बको बार्षिक व्यापार घाटा पालेर नेपाल नवऔपनिवेशिक र अर्धऔपनिवेशिक देश होइन भन्नु हत्केलाले सुर्यलाई छेक्नु जस्तो हो । माकेका केही नेताहरू हेटौडा महाधिवेशनसम्म सन्ध्या भाषामा नयाँ जनवादी क्रान्तिका बाँकी कार्यभार पुरा गर्दै समाजवादी क्रान्ति सम्पन्न गर्ने भन्दै थिए तर असोज १७ गतेको ७ बुँदे सम्झौताले त्यसको पनि धोती लगाई सके । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, एशियाली विकास बैंकका गलत स्वार्थ र शर्त स्वीकार गरेर साम्राज्यवादी पुरस्कार थाप्ने नेपाली अर्थमन्त्रीहरू नै हुन् नेपाली अर्थतन्त्रलाई ध्वंश पार्ने खल पात्र ।

अहिले वाइवलभित्र तरबार र तरबार पछि पछि सेना ल्याएर उपनिवेश बनाउने जमाना गइसक्यो । त्यसो गर्नासाथ तीन करोड नेपाली सेना बनेर लखेटी हाल्छन् । अहिले त नेपालीलाई थाहै नदिई आकाशबाट पैसा सोहर्छन् । एनसेलले खर्बौं रूपैयाँ नेपाललाई कर र लाभांश नतिरिकन, यहाँका दलाल र नोकरशाहहरू प्रधानमन्त्री, संचारमन्त्री र न्यायाधिसलाई घुस खुवाएर विदेश लगिसक्यो । मदनकृष्ण हरिवंशले २०४० सालतिर हँसाउने जोक गरे जस्तै कात्रोबाट थात्रो हुँदै फेरि कात्रोमा जाने के हो ? भन्दा विदेशबाट आएको पैसा फेरि विदेशमा लाने भन्ने सिद्धान्त अजय सुमार्गी जस्ता ब्यापारीले प्रयोग गरिसके । यो त एक सय सत्तरी वर्ष अगाडि नै मार्क्स बुढाले भनिसकेका थिए- राज्यसत्ता भनेको सेना, पुलिस, अड्डा, अदालत पर्दा पछाडिका नोकरशाही यन्त्र हुन् र यी विरोधी वर्गलाई दबाउने हतियार बाहेक केही होइनन् भनेर । संसद त गफ गर्ने गफाडीको अखडा मात्र हो- भने । यो कुरा नेपाली समाजमा अक्षरशः लागु भइरहेको छ । आज साम्राज्यवाद र भारतीय विस्तारवादी सेना, एम-१६, इन्सास राइफल लिएर नेपाल आएर लुट्नै पर्दैन । बाजुराका हाड र छालामात्र भएका नेपाली जनतालाई हेर्दा हुन्छ । नेपालको सबैभन्दा गरिब जिल्लाका जनतालाई कसरी वित्तीय शोषण गरेर आकाश मार्गबाटै शोषण गरेर नेपाली जनता मार्दैछ भनेर । बाजुरा त एउटा उपमा मात्रै हो सम्पूर्ण नेपालको हालत त्यही हुँदैछ ।

वीरवलले खिचडी पकाएको जस्तै नेपाली जनताको जुनकिरीको प्रकाश जस्तो उत्तरतिर चीनलाई हेर्दै छन् । भारतीय नाकाबन्दीबाट वाक्क भएर चाइनाबट तेल, पूर्वपश्चिम रेल भन्ने गीत गाएर भावात्मक सन्तोष लिन खोजेका छन् । चीन माओकालिन चीन होइन र पुँजीवादी बाटोमा हिँडेको पुँजीवादको चरम विकास हुँदै गरेको र अमेरिकालाई जित्दै गरेको देश हो । पुँजीवादको अन्तिम अवस्थामा साम्राज्यवाद हो भन्ने कुरा लेनिनले उहिल्यै भन्नुभएको थियो । त्यो कुरा वैज्ञानिक रूपमा पुष्टि भइपनि रहेको छ । चीनले आफ्नो व्यापारलाई कायम राख्न र बढाउन साम्राज्यवादी नीति अख्तियार नगरी सुखै छैन । अमेरिकासँगै हालको वाकयुद्ध त्यसैको परिणाम हो । नेपालको सन्दर्भमा पनि भारत चीनका बीच लिपुलेक मार्ग सम्बन्धी सम्झौता गरेर नेपालको राष्ट्रिय स्वाधीनतामाथि चीनद्वारा पनि गम्भीर आघात पुऱ्याउने काम भइसकेको छ । मानौ रे- हिन्दमहासागरको कलकत्ता बन्दरगाहबाट भन्दा प्रशान्त महासागर हुँदै रेलमार्गबाट केरुङ हुँदै ब्यापार गऱ्यो रे । फेरि पनि ब्यापार घाटा सात खर्ब हुँदै बढ्ने नै हो । बाघले खाए पनि किलो रित्तै, भीरबाट लडे पनि किलो रित्तै । यदि चीन साँच्चैको नेपालको मित्र हुने हो भने चीनले हामीलाई त्यति मात्र वा अझ थोरै बेच्नु पर्छ, जति उसले हामीसँग किन्छ । हामीसँग बस्तु छैनन् भने अनुदान पनि पर्दैन, उसलाई आवश्यक पर्ने वस्तु नेपाली कच्चा पदार्थमा आधारित उद्योग खोली दिओस्, ऋणमा पछि उसलाई निकासी गरेर तिर्न सकियोस् । विगमा जतिखेर रुसले आफूलाई समाजवादी भन्थ्यो, नाटोसँग मुकाविला गर्न सिटो गठन गरेर समानताको आधारमा व्यापार गर्थ्यो, मित्र देशहरूसँग पछि रुसी अर्थतन्त्र सामाजिक साम्राज्यवादको कारण ध्वंस भयो र सिटो भंग भयो । नाटो अझै कायम छ । पुँजीवादले पुँजीबाहेक कसैलाई माया गर्दैन । त्यसैले त एंगेल्सले पुँजीपतिले नाफा हुन्छ भने विष बेचेर पनि नाफा गर्छ भनेर भन्नु भएको छ । सच्चा ...बाँकी ७ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# नेकपा साठी–चालीस ए कता ?

गएको चुनाउमा लगन गाँठो कसेर नयाँ घरजम गर्न भनी कस्सिएका नेकपा साठी-चालीसलाई यतिखेर एउटै पाटीको घोषणा गर्न भने भ्यागुताको धार्ने जस्तै भएको छ । केही दिन अगाडि मात्रै सरकारका मुखिया समेत बनेका साठीभागे गुटका मुखिया कामरेड उखानप्रसादले आफूले छिमेकीका घरतिर पाहुना लाग्न जानु पहिला नै एकता गरी एउटै गोठ तयार पारेर गोठको बलियो गड्धुरे बनेर जान चाहेका थिए । त्यसैले एकताका निम्ति माहुर तयार गर्न खटाइएका करिन्दाहरूलाई छिटो माहुर तयार गर्न लगाइयो । उनीहरूले यथासमयमै एकताका माहुर तयार गरी दुवै गुटका मुखियाहरूलाई बुझाए । तर चालिसे भागवालाले बराबरी भागविलो खोजेको र माहुरमा विगतमा आफूहरूले चलाएको जनयुद्धको शिलोक पनि लेख्नु पर्छ भनेर अड्को थापेपछि उनीहरूको एकता 'ए कता ?' हुन पुगेको हो । यी दुवै गुटका मुखियाहरूलाई यो एकता गर्ने कुरो भोकाएकाहरूको खाने इच्छा जस्तो भएको छ । भोको भन्छ डाँडा वारी खाने अघाएको भन्छ डाँडापारी खाने । दुबैतिरका मुखियाहरू एकताको बढि भोका छन् भने दुबैतिरका दोस्रो तेस्रो तहका नेताहरूलाई आफ्नो भागविलोको टुङ्गो नलागेसम्म एकताको घोषणा हतारोमा नगर्ने पक्षमा छन् । त्यसैले यिनीहरूको एकता दुई विरालाको डारडारमै सीमित रहेको छ ।

एकताका निम्ति माहुर तयार पार्न खटाइएका लिम्बुवान र मगराँत पण्डितहरूले छिट्छिटो माहुर लेखेर पनि बुझाए । माहुरमा लेखिएका शिलोकहरूको अध्ययन पनि यथासमयमै गरे । तर तीनवटा विषयले लगन अड्कियो । एउटा, दुबैतिरका नेताहरूको भागविलोको टुङ्गो लाग्नु पर्ने, अर्को माहुरमा जनयुद्धको शिलोक लेख्ने वा नलेख्ने भन्ने र तेस्रो दुबैको निसाना छाप साठीभागेको सूर्य मात्रै राख्ने कि त्यसमा चालिसेवालाको हँसिया ठोक्के पनि भित्र घुसाउने भन्ने विषयमा उनीहरूका बीचमा कुरो मिल्न सकेको छैन ।

एकताका बारेमा तपाइँहरूको कुरो किन नमिलेको भनेर चालीसे भागतिरका एकजना मन्त्रीको विलो नपाएर ठुस्किएका नेतालाई सोध्दा उनले भने 'हाम्लाई साठीभागेले निकै हेपे । हाम्लाई बराबरी भाग पनि नदिने रे, हाम्रो निसाना छापलाई पनि नमान्ने, हाम्रो जनयुद्धको शिलोक पनि नलेख्ने रे, त्यसो गरेपछि पनि एकता हुन सक्छ ? यो त सिधै पोइल गएको जस्तो भयो नि । हाम्ले त्यस्तो कुरा काँ मान्चम् ।'

हैन तपाइँहरू जनयुद्ध छोडेर धनयुद्धमा लागिसकेको र तपाइँहरूको गुट पनि सानो भएकाले बराबरी हक खोज्न र जनयुद्धको शिलोक लेख्न उनीहरूले नमान्नु ठिकै त हो नि भनेर सोध्दा उनले भने 'हामी केको साना छम् ? हाम्रो केन्द्रीय समिति नै संसारभरीका पाटीका सदस्य जोड्दा पनि नपुग्ने जति छम् । चार हजार भन्दा बढि केन्द्रीय नेता भएको पाटी संसारमा कुन छ ? हामी कसरी साना ? हाम्ले जनयुद्ध छोडेर धनयुद्धमा लागेको कुरा ठिक हो । उहाँहरूले पनि त अट्ठाइस सालमा युद्ध लडेको हो । त्यो त अहिले धेरै पुरानो भइसक्यो र पो त्यो कुरो उठेन । हाम्ले जनयुद्ध गरेको घटना त तरोताजै छ । हाम्ले अरू के मागेका छम् र ? सबै कुरा उहाँहरूकै मानेका छम् । कमसेकम हाम्रो पुस्ता रहँदासम्म जनयुद्धको शिलोक मात्रै भए पनि जपिराख्यौँ भने हामीबाट छुट्टेकाहर्ले एकलौटी त गर्न पाउँदैनन् भनेर पो हाम्ले राख्न पर्च भनेको हो । निसाना छापको कुरा पनि त्यहि हो ।'

उता साठीभागे गुटका चुनाउ हरूवा प्युठानी नेतालाई सोध्दा उनले भने 'प्रतिस्पर्धाका आधाराँ भनेर भन्देखुन् उनीहरू र हामी के को बराबरी ? जनयुद्ध छोडेर धनयुद्धमा पनि लाग्नी, हाम्रै बाटो पछ्याउँदै पनि हिँड्नी, चुनाउ सुनाउ हारेर खुम्चिँदै खुम्चिँदै पनि जानी, आफ्ना गोत्रतिरका पनि सबैलाई डल्लो पारेर ल्याउन पनि नसक्नी, अनि खानेबेलाँ ठूल्ठूला भाग खोज्नी ? त्यस्तो काँ हुन्च ? हाम्ले जेजे दिन्चम् जेजे भन्चम् त्यै त्यै मान्न पर्च । नत्र हुन्न ।'

उनीहरूको जत्रो ठूलो पाटी त संसारमै छैन रे त, केन्द्रका नेता नै चार हजार भन्दा बढि छन् रे भनेर सोध्दा उनले भने 'छि छि छि, त्यस्तो झारपात सबै सोहरेर पनि कैँ केन्द्रीय समिति बन्च ? त्यसरी पनि नेता हुन्चन् ? त्यस्तालाई नेता मान्ने हाम्ले ? थोकका थोक नाम टिपेर ल्याउनी अनि सुप्रिमोले तथास्तु भन्दै टिको लाइदेर पनि नेता हुन्च ? प्रतिस्पर्धाका आधाराँ छानिएर पो नेता हुने हो । हाम्रोमा त तलैदेखि प्रतिस्र्धाका आधाराँ चुनेर आउँचन् र पो केन्द्रमा आइपुग्दा थोरै हुन्चन् । उनीहरूले जस्तो झारपात बटुलेर टिको लाइदिने हो भन्देखी त हाम्रो झन् चार हजार मात्रै हैन चालिस हजार पनि पुऱ्याइदिन्चम् बुझ्नुभो ?'

यसरी नेकपा साठी-चालीसका बीचमा अहिले एकता हुने विषयलाई लिएर निकै ठूलो रस्साकस्सी दोहोरी चलिरहेको छ । जनयुद्धको शिलोक, निसाना छाप र नेताको भागबिलो यी तीन विषयमा उनीहरूका बिचमा कुरो मिल्न सकेको छैन । चालीसे भागवालाहरूले अन्तिमसम्म रस्साकस्सी गरेर भागबिलो खोज्ने अन्त्यमा तातो पानी नपाए चिसै पानीले नुहाएर भएपनि साठीभागेको पुच्छर समाएर बैतरणी तर्ने देखिन्छ । सबैलाई चेतना भया ।

*२५ चैत २०७४*

kailubraha73@gmail.com

# नेपाली समाजको स्वरूप र पार्टीको आम कार्यदिशा–३

*अगाडिको बाँकी अंश*

उक्त वर्गलाई क्रान्तिको दुश्मन शक्तिको रूपमा लिनु पर्दछ । सबैभन्दा उत्पीडित तथा श्रमिक वर्ग औद्योगिक सर्वहारा वर्ग हो । देशमा ठुला उद्योग तथा कलकारखाना कमै भएकोले यसको संख्या पनि कम छ । यसले विभिन्न उद्योग व्यवसायहरूमा मजदुरी गर्दछ । यो नयाँ उत्पादक शक्तिको प्रमुख प्रतिनिधि तथा क्रान्तिको नेतृत्वदायी वर्ग हो । ग्रामीण र सहरिया अर्धसर्वहारा हिस्साबाट अव सर्वहारा वर्ग संख्याको दृष्टिले पनि विशाल बन्दै जान थालेको छ । निम्न पुँजीपति वर्गभित्र गरीव तथा मध्यम किसान, दस्तकार, साना व्यापारी, प्राध्यापक, शिक्षक, वकिल, डाक्टर, कर्मचारी, विद्यार्थी, बुद्धिजीवीहरूको विशाल हिस्सा पर्दछ । यो वर्ग सामन्तवाद, साम्राज्यवाद तथा विस्तारवादद्वारा उत्पीडित रहिआएको छ र यसले क्रान्तिलाई साथ दिन्छ । यसमा मध्यम किसानको समग्र हिस्सा पर्दछ । विदेशमा रोजगारीमा जानेमा यसै वर्गको अधिकांश हिंस्सा पर्दछ । यो क्रान्तिको आधारभूत भित्र शक्ति हो । मध्यम वर्ग भनेको मूलतः राष्ट्रिय पुँजीपति वर्ग हो । यो वर्ग पुँजीवादी उत्पादन संबन्धको प्रतिनिधि हो । यो वर्ग एकातिर दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्त वर्गको र अर्कोतिर सर्वहारा वर्गको पनि विरोधी हुन्छ । यो क्रान्ति र प्रतिक्रान्तिको बिचमा ढुलमुल रहन्छ । आज नवउदारवाद, बहुराष्ट्रिय कम्पनी सहित भूमण्डलीकृत साम्राज्यवादको वर्चस्व वढ्दै जानुको कारण राष्ट्रिय पुँजीपति वर्गको अस्तित्व समाप्त भएको छ भनेर कतिले तर्क गर्दछन् । तर कुरा त्यसो होइन, नेपालमा राष्ट्रिय पुँजीपति वर्ग छ, तर कमजोर अवस्थामा छ र यस वर्गको राजनीतिक पार्टीले आकार ग्रहण गर्न सकेको छैन । नेपाली नयाँ जनवादी क्रान्तिमा राष्ट्रिय पुँजीपति वर्गलाई मित्रशक्तिका रूपमा लिनु पर्दछ । नेपालमा गरीब किसान, साना दस्तकार,दुकानमा काम गर्ने अर्ध मजदुर, अर्ध वेरोजगार आदिको ठुलो हिस्सा अर्धसर्वहारा वर्गमा पर्दछ । यो एकातिर अत्यन्तै उत्पीडित रहेको छ भने अर्कोतिर सर्वहारा वर्गतिर खस्कँदैछ ।

चौधौंः उत्पीडित जनसमुदायका दृष्टिले । नेपालमा लामो समयदेखि महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिमका साथै अविकसित क्षेत्रका जनसमुदायहरू सामन्त, दलाल तथा नोकरशाही पुँजीपति वर्गद्वारा उत्पीडित रहिआएका छन् । महिला समुदाय सामन्ती पितृसत्तावादद्वारा घरका दासी बनाइएका छन् । उनीहरूसित जमिनमाथिको स्वामित्व निकै कम छ । २०६८ को कृषि गणना अनुसार महिलाको स्वामित्वमा १९.०० र पुरुषको स्वामित्वमा ८१.०० प्रतिशत जमिन रहेको छ । त्यस्तै दलित समुदाय सामन्ती व्राहमणवाद, मनुवादद्वारा छुवाछुत लगायत अनेकौं प्रकारका उत्पीडनमा परेका छन् । पहाडमा दलित करिब २५ प्रतिशत तथा मधेशी दलित ४५ प्रतिशत भूमिहित रहेका र ७७ प्रतिशत दलितसित २ रोपनीभन्दा कम जमिन रहेको पाइन्छ । (नेपालमा कृषिक्रान्ति सम्भावनाका आयाम, २०७२ पृ. ५०) । मुस्लिम समुदाय हिन्दु ब्राह्मणवादको उत्पीडनमा पर्दै आएको छ । त्यसैगरी कर्णाली तथा सेती महाकाली क्षेत्र काठमाडौ केन्द्रित प्रतिगामी राज्यसत्ताको उत्पीडनमा परेको छ । यद्यपि यी सबै मूलतः दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गीय उत्पीडन अन्तर्गत पर्दछन् । परन्तु, यी सबै उच्चजातीय ब्राह्मणवादी अहंकारवादद्वारा उत्पीडित रहेका छन र यिनको समुदायगत स्वतन्त्र पहिचान समेत रहेको छ । साथै, यी सबै समुदाय आन्तरिक रूपमा सामन्तवाद र बाह्य रूपमा साम्राज्यवाद तथा विस्तारवादद्वारा उत्पीडित रहिआएका छन् ।

पन्ध्रौंः सरकारी नीति, योजना तथा कार्यक्रमका दृष्टिले । नेपाली अर्थतन्त्रमा सत्तापक्षद्वारा निर्धारित गरिने नीति, योजना र कार्यक्रम एकातिर अनेकौं असमान सन्धिसम्झौता र अर्कोतिर दलाल नोकरशाही पुँजीपति तथा सामन्तवर्गका हकहित तथा स्वार्थलाई केन्द्रमा राखी बनाइएका छन् । पहिलोदेखि चौधौंसम्मका योजनाहरू र तिनलाई सञ्चालन गर्ने नीति तथा बजेट निर्माण उक्त उद्देश्यसित जोडिएका छन् । देश अर्धसामन्ती अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा त छँदैछ, पछिल्लो कालमा नवउदारवादको चपेटामा पनि पर्न गयो । पञ्चायतीकालको अन्त्यतिर प्रवेश गरेको नवउदारवादले सन् १९९० अर्थात् २०४६ साल पश्चात् आफ्नो प्रभाव बढाउँदै लग्यो । आर्थिक उदारीकरण र भूमण्डलीकरणमाथि ध्यानदिंदै २०४९ सालमा तदनुरूप औद्योगिक नीति निर्धारण गरियो । नवउदारवादलाई व्यवस्थित रूपमा अगाडि बढाइयो र खुलाबजार अर्थतन्त्र, नीजिकरण, आर्थिक दायित्वबाट राज्यको पलायन, ढाँचागत समायोजन कार्यक्रमप्रतिको प्रतिबद्धता, विश्वव्यापार संगठनको सदस्यता ग्रहण आदिमा जोड दिइयो । फलतः कृषि क्षेत्रले सरकारी अनुदान तथा संरक्षणबाट बञ्चित हुनुपर्‍यो । सरकारी स्वामित्वमा रहेका ठूला उद्योग ध्वस्त हुँदै गए र वैदेशिक व्यापारमा अपूर्व घाटा बेहोर्दै आउनु पर्‍यो । यसप्रकारका नीति, योजना तथा कार्यक्रमलाई दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्ग र साम्राज्यवाद तथा विस्तारवादको साँठगाठबाट लागू गर्ने काम हुँदैआएको छ । यसले स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रका विरुद्ध दलाल तथा नोकरशाही पुँजीवादलाई अझै बलियो बनाउने काम गरेको छ ।

११- नेपालको सामाजिक-आर्थिक संरचनाबारे विभिन्न कोण तथा पक्षबाट जुन अध्ययन गरियो त्यसको संश्लेषणात्मक निष्कर्ष यस प्रकार रहेको छ ः

(क) नेपालको २०६८ को जनगणना अनुसार जम्मा परिवार संख्या ५४ लाख २७ हजार रहेको, त्यसमध्ये किसान परिवार ३८ लाख ३१ हजार देखिएको र समग्र जनसंख्या २ करोड ६५ लाख १५ हजार पुगेको छ । त्यसमा ७१ प्रतिशत परिवार कुनै न कुनै रूपमा कृषिसित जोडिएको र ७८ प्रतिशत जनसंख्या किसान परिवारकै रहेको देखिन आउँछ । राष्ट्रिय नमुना कृषि तथ्यांक २०११- १२ का अनुसार १ लाख १५ हजार ५३८ किसान परिवार भूमिहीन अवस्थाामा रहेकाछन् । अहिले ६ वर्ष पछि आउँदा पनि केही आंशिक फेरबदल सहित स्थिति मूलतः उक्त प्रकारकै रहेको छ । तसर्थ, देश अझै कृषिप्रधान नै छ ।

(ख) देशको कुल गार्हस्थ्य उत्पादनको संरचनामाथि ध्यानदिंदा प्राथमिक क्षेत्र कृषिको ३० प्रतिशत, उद्योगको १४ प्रतिशत र सेवा क्षेत्रको ५६ प्रतिशत योगदान रहेको देखिन्छ । कृषिको योगदान कम हुँदै जानुको कारण उद्योगको योगदान बढ्दै जानुको कारणले होइन सरकारले आर्थिक उदारीकरणमा जोड दिनु, कृषिमा अनुदान घटाउँदै जानु र कृषिमा संलग्न श्रमशक्ति वैदेशिक रोजगारीमा जान बाध्य हुनुले हो । यसरी कृषि तथा उद्योगको योगदान घट्दै र सेवाको योगदान बढ्दै जानुलाई औद्योगिक पुँजीवादको विकास भएको भन्न मिल्दैन ।

(ग) भूमिको मालिकलाई भूस्वामी भनिन्छ । नेपालमा आवाद गरिएको २५ लाख हेक्टर जमिन मध्ये २३ लाख ६३ हजार हेक्टर कृषि कार्यमा उपयोग गरिएको छ । यसमा भू स्वामित्वको हिसावले हेर्दा ५३ प्रतिशत साना किसान परिवारको हातमा १९ प्रतिशत र ५ प्रतिशत धनी किसान वा जमिनदारका हातमा २४ प्रतिशत जमिन रहेको देखिन्छ । बाँकी जनसंख्या र जमिनको प्रतिशत मझौला किसान परिवारका हातमारहेको छ । यसरी हेर्दा कृषिमा संलग्न परिवार गरिव किसान, मध्यम किसान, धनी किसान वा जमिनदार गरी तीन वर्गमा विभाजित रहेको पाइन्छ । यसका साथै भूमिहीन, सुकुम्बासी, हली, गोठाला, कमैयाँ, हरूवा, चरुवाहरूको पनि ठूलो संख्या रहेको पाइन्छ । यसरी यहाँ एकातिर भूमि वितरणमा असमानता, साना वा गरिव किसानका तुलनामा धनी किसान वा जमिनदारका हातमा धेरै जग्गा देखिन आउँछ भने अर्कोतिर साना जोतवाला किसानहरूको संख्या (गरिव तथा मध्यम किसानलाई मिलाउँदा) अत्यधिक देखिन आउँछ । जसलाई धनी किसान वा जमिनदार भनिन्छ ती भूमिका स्वामी मात्र होइन उद्योग , व्यापारका स्वामी पनि रहेका छन् भने जसलाई गरिब तथा मध्यम किसानका रूपमा चिनिन्छ ती कृषिसित मात्र होइन अन्य पेशा वा मजदुरीसित पनि जोडिन पुगेका छन् । यस प्रकारको भू-स्वामित्व व्यवस्था सानो मात्राको माल उत्पादन, व्यापार र सूदखोरीमा पनि आधारित हुन्छ । यस प्रकारको स्थितिमा साना जोतवाला किसान एकैसाथ साना भूस्वामी, श्रमिक मजदूर तथा साना पुँजीपतिसम्म हुने गर्दछन् । यो एक प्रकारको प्राक् पुँजीवादी, प्राकृतिक वा निर्वाहमुखी अर्थतन्त्र हो । परन्तु, यो अर्थतन्त्र साम्राज्यवाद तथा विस्तारवादसित पनि जोडिएको छ । भूस्वामित्वको यसप्रकारको अवस्थालाई अर्धसामन्ती अवस्था भनिन्छ ।

(घ) पुँजीको मालिकलाई पुँजीपति भनिन्छ । नेपालमा तीन प्रकारका पुँजीपति क्रियाशील रहिआएका छन् । ती हुन्-औद्योगिक पुँजीपति, व्यापारिक पुँजीपति र वित्तीय पुँजीपति । नेपालमा राष्ट्रिय पुँजीको संचयमा अवरोध पैदा भएसंगै राष्ट्रिय औद्योगिक पुँजीपतिको विकासमा पनि अवरोध भएको छ । औद्योगिक पुँजीपति उद्योग व्यवसाय, व्यापारिक पुँजीपति व्यापार र वित्तीय पुँजीपति मुद्रा तथा पुँजी बजारसित संबन्धित हुन्छन् । यहाँ एकातिर औद्योगिक पुँजीमा आन्तरिक पुँजीको लगानी कमजोर रहेको छ भने अर्कोतिर वैदेशिक लगानी बढ्दै गएको छ । व्यापारिक पुँजीपतिले स्वदेशी उत्पादनको व्यापार अत्यन्तै न्यून र विदेशबाट आयातित मालहरूको व्यापार बढी गर्दछन् । अन्ततः त्यस प्रकारको व्यापारबाट भएको नाफा विदेशतिरै जान्छ र यसरी पुँजीको पलायन हुन पुग्दछ । देशमा परम्परागत रूपमा सुदखोर पुँजी विकसित हुँदै आएको थियो र पछिल्लो कालमा वैङकहरूको स्थापना भएयता वित्तीय पुँजीको विकास भएको छ । यो पुँजी उत्पादनमूलक क्षेत्रमा लगानी गरिएको छैन र यसको चरित्र प्रतिगामी रहेको छ । यसरी उक्त सबै प्रकारका पुँजी मूलतः दलाल तथा नोकरशाही पुँजी र त्यस प्रकारका पुजीपति मूलतः दलाल तथा नोकरशाही पुँजीपतिमा परिणत भएका छन् । यस प्रकारको पुँजीले एकातिर राष्ट्रिय पुँजीको विकासमा अवरोध खडा गर्दछ भने अर्कोतिर देशमा विद्यमान साना किसान अर्थतन्त्रलाई अत्यन्तै पीडादायी अवस्थामा बचाइराख्दछ ।

(ङ) श्रमशक्तिको वास्तविक मालिकलाई सर्वहारा भनिन्छ । यहाँ औद्योगिक सर्वहारावर्गको संख्या अत्यन्तै कम छ । विशाल ग्रामीण इलाकामा विकसित हुँदै आएको वेरोजगारी तथा अर्धबेरोजगारीले भूमिहीन, सुकुम्बासी तथा गरिव किसानका बीचबाट अर्धसर्वहाराको संख्या ठूलो संख्या पैदा गर्दै गएको छ । तर त्यो एकातिर कुनै न कुनै रूपमा कृषिसित जोडिएको छ भने अर्कोतिर यस प्रकारको जनसङख्याको विशाल हिस्सा वैदेशिक रोजगारीमा पलायन हुन बाध्य भएको छ । यसरी नेपाल स्वदेशी कृषिजन्य कच्चा पदार्थ निर्यात गर्ने मुलुकमा परिणत हुन पुगेको छ । यसरी हाम्रो देशमा अझै कृषि सहित अन्य उत्पादनका साधनबाट मुक्त सर्वहारा अर्थात लेनिनका शब्दमा "आजाद" सर्वहाराको विकास हुन सकेको छैन ।

(च) अर्थतन्त्रको क्षेत्रमा सरकारका तर्फबाट नीति, योजना तथा कार्यक्रम बनाउने र बजेट पेश गर्ने जुन वित्तीय गतिविधि हुँदै आएका छन् तिनले राष्टिय पुँजीको विकास होइन दलाल तथा नोकारशाही पुँजीवादलाई बलियो बनाउँदै गएको देखिन्छ । यो काम (क) पछौटे उत्पादन प्रणालीलाई जीवितै राखेर (ख) राष्ट्रिय पुँजीको विकासमा अवरोध खडा गरेर र (ग) विदेशी सहायताका नाममा नवउपनिवेशवादको प्रभुत्वलाई अझै बलियो बनाएर तथा जनतालाई ठूलो ऋणको भारी बोकाएर अत्यन्तै तिब्र गतिमा हुँदै गइरहेको छ । (घ) भूमण्डलीकरण तथा उदारीकरणको नीति अन्तर्गत कर्पोरेट मोडल फर्मिङको मान्यता अनुरूप सानो जोतमा आधारित कृषि प्रणाली तथा साना किसानको अस्तित्वलाई समाप्त पार्ने र त्यसबाट पैदा भएको बेरोजगारीको विशाल संख्यालाई अझै विदेशमा जान वाध्य तुल्याउने अवस्थाको निर्माण पनि गर्न खोजिएको छ । यसरी दलाल तथा नोकरशाही पुँजीवाद अझै बलियो बन्ने र देशको राष्ट्रिय स्वाधीनताको निम्ति खतरा बढ्दै जाने अवस्था पैदा हुने देखिन्छ । सरकारले अर्थतन्त्रमा नीजि, सहकारी र सार्वजनिक तीनवटै क्षेत्रको समन्वयकारी भूमिका हुने भन्ने कुरा बताए पनि वस्तुतः नीजि क्षेत्रलाई नै प्रधानता दिएको छ र यो साम्राज्यवादी भूमण्डलीकरण तथा नवउदारवादको प्रभाव एवं हस्तक्षेप नै हो ।

(छ) नेपाल अझै पनि अर्धसामन्ती अवस्थामा छ । किनभने यहाँ सामन्ती उत्पादन सम्बन्धमा आधारित कुत प्रणाली, अधियाँ-बटैया प्रथा, सानो किसानी खेती, निर्वाहमुखी अर्थतन्त्र लगायतका कतिपय विशेषता कायमै छन् । तर पनि, यहाँ अर्धसामन्ती अवस्था कमजोर बन्दै गएको छ र औद्योगिक पुँजीवादहोइन यहाँ दलाल तथा नोकरशाही पुँजीवाद विकसित हुँदै आएको छ ।

त्यस्तै, नेपाल अझै अर्ध-औपनिवेशिक अवस्थामा छ । किनभने पहिले ब्रिटिश भारत र पछि भारतसित कैयौं असमान सन्धि सम्झौताहरू गरिएका छन् । फलतः नेपालले पानी, ऊर्जा, जडीबुटी आदि प्राकृतिक तथा मानवीय स्रोत साधनहरूको राम्रो सदुपयोग गर्न पाएको छैन । दलाल तथा नोकरशाही पुँजीपति एवं सामन्तवर्ग र साम्राज्यवाद तथा विस्तारवादसितको अपवित्र गठबन्धनको कारण नेपालको स्वतन्त्र तथा आत्मनिर्भर अर्थतन्त्रको विकास अवरुद्ध हुन पुगेको छ ।

त्यसैगरी, नेपाल नवऔपनिवेशिक अवस्थामा रहेको छ । किनभने दोस्रो विश्वयुद्ध पश्चात् साम्राज्यवादले नव उपनिवेशवादको नीति अवलम्वन गरेको छ र बृटिश साम्राज्यवाद भारतबाट फिर्ता भए पछि भारतीय विस्तारवादले पनि नेपालमा नवउपनिवेशवादी नीति अवलम्वन गर्दै आएको छ । भारतीय विस्तारवादले आफै तथा साम्राज्यवादसित मिलेर नव-औपनिवेशिक तरिकाले दलाल, नोकरशाही पुँजीपति तथा सामन्तवर्गलाई आफ्नो एजेण्टका रूपमा प्रयोग गरेर, उनीहरूको कठपुतली सरकार बनाएर र अनेकौं सहायताहरूको बहाना गरेर नेपालमा आर्थिक, राजनीतिक, सामरिक तथा सांस्कृतिक क्षेत्रमा आफ्नो वर्चस्व कायम राख्दै आएको छ । नेपालमा विभिन्न साम्राज्यवादी मुलुकहरूले विस्तारवाद मार्फत् वा स्वतन्त्र रूपमा आआफ्नो प्रभाव र वर्चस्व फैलाउँदै आएका छन् । परन्तु यहाँ भारतीय विस्तारवादकै प्रभुत्व तथा वर्चश्वको प्रधानता छ ।

यसरी नेपालमा अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थाका कैयौ विशेषता कायमै रहे पनि समग्रमा नव औपनिवेशिक अवस्था नै प्रबल बन्दै गएको छ । नेपालमा लामो समयदेखि पुजीवादको विकास हुंदै आएको छ । तर त्यो पुंजीवाद औद्योगिक पुंजीवाद होइन । सामन्तवाद र साम्राज्यवाद/विस्तारवादको गठबन्धनमा आधारित दलाल तथा नोकरशाही पुँजीवाद नै हो । यो नेपालको स्वतन्त्र तथा आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र र औद्योगिक पुँजीवादको विकासमा गम्भीर अवरोधक बन्न गएको छ ।

अतः देशमा दलाल तथा नोकरशाही पुँजीवादका विरुद्ध स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको विकास गर्न, लामो समयदेखि कायम रहिआएका आधारभूत तथा प्रधान अन्तरविरोधहरूको समाधान गर्न र वैज्ञानिक समाजवादमा जानका लागि आधार तयार पार्न नयाँ जनवादी क्रान्ति अनिवार्य रूपमा आवश्यक छ । नयाँ जनवादी क्रान्ति साम्राज्यवाद, विस्तारवाद तथा सामन्तवाद र दलाल एवं नोकरशाही पूजीवादका विरुद्ध परिलक्षित रहि आएको छ र रहने छ ।

१२- कतिपय राजनीतिक दल, बुद्धिजीबी र दक्षिणपन्थी अवसरवादीहरूले नेपालमा पुँजीवादी जनवादी क्रान्ति पुरा भइसक्यो र अब नयाँ जनवादी होइन समाजवादी क्रान्तिको कार्यदिशा अबलम्बन गर्नुपर्दछ भनेर विभिन्न विभ्रम खडा गर्दै आएका छन् । ती कुराबारे प्रष्ट हुन जरुरी छ ।

पहिलो, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी समानुपातिक प्रतिनिधित्व जस्ता विषयलाई आधार बनाई नेपालमा पुँजीवादी जनवादी क्रान्ति पुरा भइसक्यो भनेर जुन तर्क गरिन्छ त्यो पूर्णतः गलत तथा भ्रान्त धारणा हो । वस्तुतः नेपालमा पुँजीवादी जनवादी क्रान्ति पुरा भएकै छैन । किनभने- (१) यहाँ दलाल, नोकरशाही पुँजीपति एवम् सामन्तवर्गको पुरानो राज्यसत्ता तथा राज्य मशिनरी कायमै छ, राणाकालदेखि अहिलेसम्म आउँदा शासनसत्तामा केही फेरबदल अवश्यै भएका छन्, परन्तु राज्यसत्तामा भने दलाल, नोकरशाही पुँजीपति तथा सामन्तवर्गको नेतृत्व तथा अधिनायकत्व यथावतै रहिआएको छ । (२) नेपाल जस्तो अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रहेको मुलुकमा जनवादी तथा राष्ट्रिय क्रान्ति बेग्ला बेग्लै होइन एउटै चरणमा गरेको हुनुपर्दछ । यहाँ एकातिर जनवादको समस्या समाधानै भएको छैन भने अर्कोतिर साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेप तथा उत्पीडन अन्तहुनु त परै जाओस् झन् झन् तिव्र बन्दै गएको छ । (३) यहाँ नयाँ जनवादी क्रान्तिको मान्यता अनुसार सर्वहारावर्गको नेतृत्व तथा आम जनसमुदायको संयुक्त अधिनायकत्वमा नयाँ राज्यसत्ता स्थापना भएको छैन । बरु उल्टै देशी तथा विदेशी प्रतिक्रियावादसित वर्गीय तथा राष्ट्रिय रूपमा आत्मसमर्पणवादका बाटो पकडिएको छ । (४) कृषि, उद्योग, वाणिज्य, शिक्षा, स्वास्थ्य लगायत जनजीविका र समग्र अर्थतन्त्रका क्षेत्रमा दलाल तथा नोकरशाही पुँजीको प्रभुत्व कायमै छ र साम्राज्यवादी भूमण्डलीकरण, उदारीकरण तथा निजीकरणलाई तिव्रता दिइएको छ । यहाँ औद्योगिक पुँजीको विकास भएको छैन ।

जहाँसम्म राजतन्त्रको अन्त्य तथा गणतन्त्रको स्थापनालाई नै पुँजीवादी क्रान्ति सम्पन्न हुनुको एक मात्र आधार तथा कसी मान्ने प्रश्न हो त्यो ठीक होइन । किनभने गणतन्त्रको स्थापना भइसकेका देश पनि अर्धसामन्ती अवस्थामा रहेका र राजतन्त्र कायमै भएका देशमा पनि पुँजीवादी जनवादी क्रान्ति भएका उदाहरण पाइन्छन् ।

दोस्रो, तमाम अवसरवादी तथा संशोधनवादीहरू के पनि भन्दछन् भने दलाल तथा नोकरशाही पुँजीवाद भने पनि पुँजीवाद नै हो र राष्ट्रिय पुजीवाद वा औद्योगिक पुँजीवाद भने पनि पुँजीवाद नै हो । यो तर्क सर्वथा गलत छ । किनभने - (१) दलाल तथा नोकरशाही पुँजीवाद र औद्योगिक पुँजीवादमा गुणात्मक तथा मौलिक अन्तर छ । अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रहेका मुलुकहरूमा दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गको नेतृत्वमा दलाल तथा नोकरशाही पुँजीवाद स्थापित रहेको हुन्छ । परन्तु, यहाँ औद्योगिक पुँजीवादको स्थापना भने सर्वहारावर्गको नेतृत्वमा नयाँ जनवादी राज्यसत्ता स्थापना गरेर मात्र हुन सक्तछ । (२) दलाल तथा नोकरशाही पुँजीवाद साम्राज्यवादको अभिन्न अंग हो भने औद्योगिक पुँजीवाद वैज्ञानिक समाजवादको अभिन्न अंग हो । (३) दलाल तथा नोकरशाही पुँजीवादले पुरानै राज्यसत्ता तथा साम्राज्यवादी/विस्तारवादी उत्पीडनलाई जारी राख्तछ भने औद्योगिक पुँजीवादले वैज्ञानिक समाजवादमा जानका लागि वस्तुगत आधारहरू तयार पार्दछ ।

तेस्रो ः आज कैयौं दक्षिणपन्थी अवसरवादीहरूले नेपालमा राजनीतिक क्रान्ति पुरा भइसक्यो अब आर्थिक क्रान्ति गर्नुपर्दछ भन्ने गरेका छन् । वस्तुतः त्यो पनि नितान्त गलत कुरा हो । पहिलो त वर्तमान राज्यसत्ता, व्यवस्था तथा संविधानका पक्षधरहरूले राजनीतिक क्रान्ति पुरा भयो अब आर्थिक क्रान्ति गर्नु पर्दछ भनेर ठूलो विभ्रम पैदागर्दै आएका छन् । पहिलो त, राजनीतिक र आर्थिक क्रान्तिको सम्बन्धलाई उपरिसंरचना र आधारको सम्बन्धका रूपमा बुझ्नु पर्दछ । राजनीति र अर्थतन्त्रमा मूलतः अर्थतन्त्रको भूमिका प्रधान हुन्छ तर पनि ती दुबैले एक अर्कोलाई प्रभावित पार्ने र बदल्ने काम गर्दछन् । परन्तु, वर्तमान अर्धसामन्ती अर्धऔपनिवेशिक तथा मुख्यतः नवऔपनिवेशिक उत्पादन सम्बन्धको आर्थिक आधार र लोकतान्त्रिक गणतन्त्रको उपरिसंरचनाका बीच एकरूपता नै देखिन्छ । यस अर्थमा राजनीतिक क्रान्ति पुरा भयो आर्थिक क्रान्ति गर्नु पर्छ भन्ने कुरामा कुनै तुक देखिन्न । दोस्रो, यहाँ राजनीति र अर्थतन्त्रको कुरा गर्दा जुन क्रान्तिको उल्लेख गरिएको छ त्यो शव्दको दुरूपयोग मात्र हो । किनभने, हिजो पनि राज्यसत्ता दलाल तथा नोकरशाही पूजीपतिवर्गको हातमा थियो, आज पनि त्यही छ र भोलि पनि उनीहरूले त्यसैलाई कायम राख्न गैरहेका छन् । त्यसै गरी आर्थिक क्षेत्रमा हिजो पनि दलाल तथा नोकरशाही पुंजीवादको प्रभुत्व थियो, आज पनि छ र भोलि पनि उनीहरूले त्यसैलाई कायम राख्ने छन् । भूमण्डलीकृत साम्राज्यवाद तथा विस्तारवादको नियन्त्रण तथा निर्देशनमा उदारीकरण, निजीकरण तथा खुलाबजार अर्थतन्त्रको मान्यतालाई अंगीकार गर्नेहरूले अर्थतन्त्रमा कदापि क्रान्ति गर्न सक्दैनन् । यसरी हेर्दा उनीहरूले प्रयोग गर्ने गरेको क्रान्ति शव्द विभ्रम शिवाय अरु केही होइन ।

चौथोः आज उनीहरू नेपालमा पुँजीवादी जनवादी क्रान्ति भएको छैन र देश अझै अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशि अवस्थामा छ भनी तर्क गर्नेहरूमाथि जडसूत्रवादी तथा परम्परावादी भएको आरोप लगाउँछन् र आफू सिर्जनशील मार्क्सवादी भएको कुरा बताउँछन् । पहिलो कुरा त यो दक्षिणपन्थी अवसरवादीहरूले क्रान्तिकारीहरूमाथि लगाउँदै आएको परम्परागत आरोप हो । दोस्रो, जडसूत्रवादको विरोध त मार्क्सवादीहरूले पनि गर्दछन् । यहाँ प्रश्न जडसूत्रवादको विरोध मार्क्सवादी कोणबाट गर्ने कि संशोधनवादी कोणबाट भन्ने नै हो । वस्तुतः हामीले के देख्तै र भोग्दै आएका छौं भने जसले सिर्जनात्मक मार्क्सवादको नाममा क्रान्तिकारी मार्क्सवादीहरूमाथि जडसूत्रवादको आरोप लगाउँदै आएका छन् तिनले मार्क्सवादको सिर्जनात्मक प्रयोग होइन मार्क्सवादका विरुद्ध प्रतिक्रियावादलाई साथ दिने र अन्ततः प्रतिक्रियावादमै परिणत हुने गरेका छन् । नेपालमा लामो समयदेखि ठीक यही भइरहेको छ ।

पाचौंः कतिपय मानिसहरूले नेपालमा विद्यमान सानो जोतवाला भूस्वामीलाइ पुजीपति र कृषिसित जोडिएका तथा बैदेशिक रोजगारीमा गएका बेराजगार तथा अर्ध बेरोजगारहरूलाई सर्बहारा वर्गमा गणना गरेर नेपालमा पुँजीवादको विकास भएको कुरा गर्दछन् । त्यो पनि साँचो कुरा होइन । किनभने यस प्रकार पुजीपति तथा सर्बहारा मानिएकाहरूको ठूलो संख्या एकातिर परम्परागत कृषिसित जोडिएको छ भने अर्कोतिर अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नव औपनिवेशिक अवस्थामा आधारित छ । अहिले, सानो जोतवाला किसानलाई शुद्ध पुजीपति र अर्धबेरोजगारहरूलाई आजाद सर्बहारा भन्न सकिन्न । यद्यपि अन्ततः तीनको विशाल बहुसंख्या सर्बहारा बन्ने कुरा भने निश्चित छ ।

*क्रमशः....*

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# देजमो चितवनको प्रथम जिल्ला सम्मेलन सम्पन्न, अध्यक्षमा अशोक शर्मा

चितवन । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल चितवन जिल्लाको प्रथम जिल्ला सम्मेलन सम्पन्न भएको छ । 'दलाल संसदीय व्यवस्थाको विरुद्ध हाम्रो आन्दोलन, नयाँ जनवादी व्यवस्थाको पक्षमा प्रथम जिल्ला सम्मेलन' भन्ने मूल नाराका साथ मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलको प्रमुख आतिथिको रूपमा उद्धाटन गर्नुभएको सम्मेलनले जिल्ला अध्यक्षमा अशोक शर्मालाई निर्वाचित गरेको छ ।

सम्मेलनले उपाध्यक्षमा नरबहादुर गौतम, सचिवमा बाबुराम प्यासी परियार, सहसचिवमा शुभलक्ष्मी खनाल, कोषाध्यक्षमा सिपी सुवेदीलाई निवार्चित गरेको छ भने सदस्यहरूमा सूर्य पौडेल, टेकप्रसाद बोम्जन, गोपाल भट्टराई, खड्गबहादुर कुँवर, शान्ति विक, डम्बर बहादुर मगर, प्रकाशबाबु खनाल, उद्धव सापकोटा, दिपक पोखरेल, गंगाराम यादव, सावित्री पौडेल, विष्णुमाया आचार्य, मोदनाथ मरहठ्ठा, अरुणा राउत, परमेश्वरी चौधरी, केदार परियार, रविकिरण निर्जिव, रामचन्द्र विक, भिमराज पौडेल, फिरल महतो, महादेव शर्मा, विष्णु रिजाल, शोभा श्रेष्ठ, देवबहादुर राई, ऋषि वाइवा, अमित सापकोटा, शेरबहादुर विक, वृहस्पती दवाडी, चन्द्रप्रसाद नेपाल, त्रिभूवन महतो लगायत रहेका छन् ।

२९ औं जनआन्दोलन दिवसको अवसर पारेर आयोजना गरिएको सम्मेलन ऱ्याली, नाराजुलससहित जिल्लाको भरतपुर चौविसकोठीबाट जिल्ला प्रहरी कार्यालय हुँदै जिल्ला समन्वय समितिको हलमा पुगरे उद्धाटन सत्रमा परिणत भएको थियो । उद्धाटन सकिएलगत्तै सुरु भएको वन्द सत्रले नयाँ कार्यसमिति चयन गरेको हो । नयाँ कार्यसमितिलाई कार्यक्रमका प्रमुख अतिथि सीपी गजुरेलले बधाई ज्ञापन गर्नुभएको थियो ।

सम्मेलनमा मोर्चाका केन्द्रीय कार्यालय सदस्य तथा ३ नं. प्रदेश संयोजक पवनमान श्रेष्ठ, कार्यालय सदस्य अम्बिका मुडभरी लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी यातायात मजदुर संघको राष्ट्रिय सम्मेलन सम्पन्न

# कविन्द्र मोक्तानको अध्यक्षतामा ३१ सदस्यीय केन्द्रीय समिति निर्माण

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर संघको राष्ट्रिय सम्मेलन शनिबार सम्पन्न भएको छ । काठमाडौंको बत्तिसपुतलीमा भएको उक्त सम्मेलनले कविन्द्र मोक्तान अध्यक्ष रहेको ३१ सदस्यीय केन्द्रीय समिति निर्माण गरेको छ ।

सम्मेलनले केन्द्रीय समितिको उपाध्यक्षहरूमा सुरेन्द्र राई र पूर्ण लामा, महासचिवमा प्रविन लामा, सचिवमा बिनोद श्रेष्ठ र कोषाध्यक्षमा धर्मराज दाहाललाई निवार्चित गरेको छ । सम्मेलनबाट कार्यसमिति सदस्यहरूमा ध्रुब क्षेत्री, राजेश श्रेष्ठ, बलराम बोगटी, हिम गिरी, सुर्य गिरी, कुमार राना मगर, भुपाल खड्का, राजु मोक्तान, दिलबहादुर लामा, रामहरि थापा, केशब खत्री, त्रिरत्न स्थापितलाई चयन गरेको छ । सम्मेलनले जित बहादुर राई, मन बहादुर मुक्तान सहित ३ सदस्यीय रहेको सल्लाहकार समिति पनि निर्माण गरेको छ ।

नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य रामसिंह श्रीसको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनमा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका संयोजक इश्वर तिमिल्सिनाको बिशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा देजमोका केन्द्रीय सचिवालय सदस्य हरिकृष्ण गजुरेल, महासंघका कार्यालय सदस्य बद्रि चापागाईं, महासंघका घटक संगठनका नेतृत्वहरू केशब सुबेदी, ठाकुर तिमिल्सिना, कुमार घतानी, अर्जुनलाल श्रेष्ठ, उद्धब गुरुङ लगायतको उपस्थिति रहेको थियो ।

# अखिल (क्रान्तिकारी)ले थाल्यो सीमा निरीक्षण, कैलालीको टिकापुर खक्रौलाबाट अभियान सुरु

कञ्चनपुर । नेकपा (क्रान्तिकारी माओवादी) निकट विध्यार्थी संगठन अखिल (क्रान्तिकारी) ७ नं. प्रदेशले भारतीय पक्षबाट अतिक्रमित नेपाली भूमिको निरीक्षण तथा राष्ट्रियतासम्बन्धी जागरण अभियानको बुधबार कैलालीको टिकापुर-९ खक्रौलामा उद्धाटन गरेको छ । अभियानको नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका ७ नं. प्रदेश संयोजक रामबहादुर केसीले उद्धाटन गर्नुभएको छ । अखिल (क्रान्तिकारी)का केन्द्रीय सचिवालय सदस्य तथा ७ नं. प्रदेश संयोजक रामबहादुर महरा' चिन्तक'को अध्यक्षतामा गरिएको उक्त उद्धाटन कार्यक्रममा नेताहरुले भारतीय पक्षबाट कैलालीको टिकापुर-खक्रौलामा सीमा अतिक्रमण गरिएको भन्दै त्यसको चर्को विरोध गरेका छन् ।

प्राप्त समाचार अनुसार पर्साको छपकैयामा जस्तै खक्रौलामा पनि नेपाल र भारतका प्रतिनिधिहरु सम्मिलित सीमा सर्वेक्षण टोलीले नेपाली भूमि मिचेको र बर्षौदेखि नेपालीले प्रयोग गर्दै आएको नपाल तर्फको बाटोमा ल्याएर एसएसबीको चेकपोष्ट राखिएको र उक्त स्थानमा नेपालीहरु हिक्मत साउदलगायतका नेपालीले संचालन गर्नै आएका पसलहरु समेत हटाइएको अखिल (क्रान्तिकारी)का नेता महराले जानकारी दिए । भारतीय पक्षले सीमामा गरेको ज्यादती, नेपाली भूमि अतिक्रमण, सीमाका नेपालीहरुसँग अन्तर्क्रिया गर्दै राष्ट्रियतासम्बन्धी जनजागरणका निम्ति अभियान सुरु गरेको पनि नेता महराले मूलबाटोलाई बताए ।

अभियानको अवधिमा विवादित क्षेत्रमा सीमा अवलोकन तथा निरीक्षण गर्ने, विद्यार्थी, युवा, बुद्धिजीवीलगायत सीमाका जनताहरुसित भेटघाट तथा अन्तर क्रिया गर्ने र कोणसभा तथा विरोध प्रदर्शन गर्ने लगायतका कार्यक्रमहरु तय गरिएको छ ।

राष्ट्रिय र पार्टी तथा संगठनको झण्डा अभियान टोलीलाई दिएर उद्धाटन गरिएको अभियानको संचालन तारादल पन्तले गरेका थिए भने केशव साउदले स्वागत मन्तव्य राखेका थिए । विध्यार्थी नेता महरा नेतृत्वको अभियान टोलीले प्रदेश नं. ०७ मा रहेका सीमा क्षेत्रहरु कैलाली , कञ्चनपुर, डडेल्धुरा, बैतडी हुँदै दार्चुला जिल्लाका सीमाहरुको निरीक्षण गर्नेछ ।

# कञ्चनपुरमा क्रान्तिकारी माओवादीको प्रशिक्षण र पार्टी प्रवेश कार्यक्रम सम्पन्न

● धनञ्जय अवस्थी

कञ्चनपुर । नेकपा (क्रान्तिकारी माओवादी) कञ्चनपुरले चैत्र २४ को ऐतिहासिक दिनको अवसर पारेर जिल्ला पार्टीको आयोजनामा वैचारिक/राजनीतिक प्रशिक्षण तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न गरेको छ । भिमदत्त नगरपालिकाको सभाहलमा सम्पन्न गरेको उक्त कार्यक्रममा पार्टी स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता हरिभक्त कँडेल'प्रतीक'ले वैचारिक/राजनीतिक प्रशिक्षण दिनुका साथै विभिन्न पार्टी परित्याग गरी आएका शिद्ध राज भट्ट, हरिश जप्रेल, नवराज भट्ट, सरिता योगी, सुरेस भट्ट, रोशनी महरा लगायतलाई अवीर माला लगाएर पार्टी प्रवेश गराउनु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहनु भएका नेता प्रतीकले पार्टी निकट विध्यार्थी संगठनको सीमा निरीक्षण तथा राष्ट्रियता जागरण अभियान टोलीलाई भव्य अभिनन्दन गर्नुभएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै नेता प्रतीकले नेकपाले शान्तिपूर्ण रूपमा गरेको कार्यक्रममाथि भएको प्रहरी दमनको विरोध पनि गर्नुभएको छ ।

प्रशिक्षण कार्यक्रमलाई क्रान्तिकारी माओवादीका पिविएम तथा ७ नं. प्रदेश संयोजक चन्द्रहरि सुवेदी अटलले पनि सम्बोधन गर्नुभएको थियो । पार्टीका कञ्चनपुर सचिव हरि सुवेदीको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा कञ्चनपुर पार्टी इन्चार्ज प्रभात, डोटी पार्टी सेक्रेटरी लाल किरण लगायतका नेताहरूको उपस्थिति रहेको थियो । जिल्ला सह-सेक्रेटरी बिष्णु राम दमाईले सञ्चालन गरेको कार्यक्रममा जिल्लाका नेता कार्यकर्ताहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

यसैबीच, अखिल (क्रान्तिकारी) प्रदेश नम्बर ७ ले कैलालीबाट सुरु गरेको राष्ट्रियतासम्बन्धी जागरण अभियानले शनिबार महेन्द्रनगरको मिलनचोकमा कोणसभा सम्पन्न गरेको छ ।

त्यसैगरी अभियानले शुक्रबार कञ्चनपुर जिल्लाको पुनर्वास आनन्द बजारमा र वेलौरी नगरपालिकामा पनि कार्यक्रम गरेको थियो । अभियानमा सहभागी क्रान्तिकारीका कञ्चनपुर जिल्ला अध्यक्ष तारा पन्तले दिएको जानकारी अनुसार सहिद गोबिन्द गौतमका बुवा खेमलाल गौतमलाई अभियान टोलीले सम्मान गरेको छ । शुक्रबार पुनर्वास नगरपालिका सुरज बहादुर मल्ललाई क्रान्तिकारी माओवादीका प्रदेश नम्बर ७ का इन्चार्ज अटलले टिका लगाएर पार्टी प्रवेश गराउनु भएको थियो । जागर अभियानमा स्थानीय जनताहरूको समेत व्यापक सहभागिता रहेको र स्थानीयहरूसित छलफल र अन्तरक्रिया गरिएको छ ।

# क्रान्तिकारी माओवादीको इलाका सम्मेलन सम्पन्न

काठमाडौं । काठमाडौं जिल्ला अन्तर्गत १ नं इलाकाको प्रथम सम्मेलन आज सम्पन्न भएको छ । काठमाडौंको बुद्धनगरमा सम्पन्न सम्मेलनले श्रेष्ठतालाई सेक्रेटरीमा चयन गरेको छ । उहाँको नेतृत्वमा २३ जनाको इलाका कमिटी गठन गरिएको छ । नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य भाष्करको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त सम्मेलनमा ३ नं प्रदेश कमिटी सदस्य रिना, १ नं इलाकाका पूर्व सेक्रेटरी रोशी र २ नं इलाका पूर्व सेक्रेटरी किरणको उपस्थिति रहेको थियो । सम्मेलनको अध्यक्षता रिनाले गर्नु भएको थियो भने सञ्चालन श्रेष्ठताले गर्नु भएको थियो ।

त्यसैगरी काठमाडौंको जिल्ला पार्टी सम्मेलनलाई लक्षित गर्दै काठमाडौंको गोकर्णेश्वर नगर अधिवेशनले विवेकको नेतृत्वमा १५ सदस्यीय र बुढानीलकण्ठ नगर भेलाले नवीनको नेतृत्वमा ९ सदस्यीय नगर संगठन समिति निर्माण गरेको छ । र तार्केश्वरमा अमिरको नेतृत्वमा ९ सदस्यीय पार्टी कमिटी निर्माण गरेको छ ।

## अखिल (क्रान्तिकारी) चितवनको सम्मेलन चैत २८ मा

चितवन । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) चितवनले यही चैत २८ गते आफ्नो २९ औं जिल्ला सम्मलेन गर्ने भएको छ । सम्मेलनको विषयमा जानकारी गराउन उक्त विद्यार्थी संगठनको जिल्ला समितिले बिहीबार पत्रकार सम्मेलन आयोजना गऱ्यो । सम्मेलनमा वितरीत प्रेस वक्तव्यका अनुसार ' जनवादी र वैज्ञानिक शिक्षाका लागि हाम्रो अभियान, शैक्षिक माफियाकरण विरुद्ध २९ औं जिल्ला सम्मेलन' भन्ने मूल नाराका साथ सम्मेलन सम्पन्न गरिने भएको छ ।

# चैत्र २४ ले बलपूर्वक संघर्षलाई प्रेरणा दिन्छ : गुरुङ

● राजु भुजेल

बुटवल, २४ चैत्र । नेकपा (क्रान्तिकारी माओवादी) रूपन्देही र राष्ट्रिय जनमोर्चा रूपन्देहीको संयुक्त कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटव्यूरो सदस्य एवं देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका ५ नं. प्रदेश संयोजक के. बि. गुरुङले चैत्र २४ गतेलाई राजतन्त्र विरुद्धको संघर्षमा चरम उत्कर्ष पुगेको दिन मात्र नभएर नयाँ जनवादी व्यवस्थाको लागि पनि थियो र त्यसले प्रतिक्रियावादी राज्यसत्ताका विरुद्धको संघर्षमा बलपूर्वकको सिद्धान्त अनिवार्य हुनुपर्ने प्रेरणा दिएको बताउनु भयो ।

वहाँले जिन्दावाद र मुर्दावाद मात्र भनेर वर्तमान राज्यसत्ता नहट्ने र त्यसका लागि बलप्रयोग गर्नुपर्छ, त्यो भनेको सशस्त्र युद्ध नै हो । गुरुङले अगाडि भन्नु भयो, 'भारतीय विस्तारवादको विरोध गर्नुपूर्व देशभित्रका भारतीय दलालहरूको घिच्रो समात्नु पर्छ ।' कार्यक्रममा प्रमुख अतिथिको रूपमा बोल्दै गुरुङले विगतमा सानातिना अन्तरविरोधहरूको व्यवस्थापन गर्न नसकी टुटफुट हुन पुगेको नेपालको कम्युनिष्ट आन्दोलन अब उद्देय एउटै हुँदा हुँदै पनि अलग अलग भएर बस्न नहुने र विगतका कमजोरीहरूलाई आत्मासात गर्दै एकताका लागि छलफल र वहस गर्न तयार रहनुपर्ने बताउनु भयो ।

कार्यक्रममा राष्ट्रिय जनमोर्चाका पूर्व सांसद एवं महासचिव सन्त बहादुर नेपाली, नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटव्यूरो सदस्य एवं ५ नं. प्रदेश संयोजक प्रेम सुवेदी, वामपन्थी नेता कृष्ण पौडेल, राजमो रूपन्देही सचिव दिपक पौडेल लगायतले मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको अध्यक्षता राजमो रूपन्देही अध्यक्ष कृष्ण वम मल्ल, स्वगत पदम श्रेष्ठ र सञ्चालन क्रान्तिकारी माओवादी रूपन्देही सचिव केजी कुमार पौडेलले गर्नु भएको थियो


## न्यु होराइजन आवासीय मा.वि. कालिकानगरमा

## शैक्षिक सत्र २०७५ को नयाँ भर्ना सम्बन्धी सूचना ।

प्रथम स्थानसहित धेरै विद्यार्थी SLC बोर्डमा उत्तीर्ण गराउन तथा सात सात पटक क्षेत्रीय सिल्ड तथा प्रमाण पत्र प्राप्त गर्न सफल यहाँहरुकै सुपरिचित, यस न्यू होराइजन मा.वि. कालिकानगरमा सिमित सिटका लागि नर्सरीदेखि कक्षा ९ सम्म निम्नानुसारको भर्ना कार्यक्रम राखिएको हुँदा समयमै आफ्ना नानीहरुको सिट सुरक्षित गर्नु हुन अनुरोध छ ।

| | |
|---|---|
| फारम वितरण | : २०७४ चैत्र १५ गतेदेखि २०७४ चैत्र २८ गतेसम्म । |
| फारम तथा नमूना प्रश्न पत्र पाइने स्थान | : न्यू होराइजन मा.वि. कालिकानगरको लेखाशाखा । |
| प्रवेश परीक्षामा सोधिने विषयहरु | : नेपाली, अंग्रेजी र गणित । |
| प्रवेश परीक्षा | : २०७५ बैशाख ३ गते बिहान १०:०० बजे । |
| प्रवेश परीक्षाको नतिजा प्रकासन | : २०७५ बैशाख ३ गते साँझ ५:०० बजे । |
| प्रवेश परीक्षा हुने स्थान | : न्यू होराइजन मा.वि.को मूल भवन, कालिकानगर । |
| नयाँ तथा अध्ययनरत विद्यार्थीहरुको भर्ना प्रारम्भ | : २०७५ बैशाख ४ गतेदेखि । |
| नयाँ शैक्षिक सत्र २०७५ को कक्षा सचालन | : २०७५ बैशाख ५ गतेदेखि । |



### शिक्षक आवश्यकता

प्रा.वि. तहको लागि केही शिक्षक आवश्यक परेको हुँदा योग्य व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

विषय: अंग्रेजी/विज्ञान/गणित र कम्प्युटर

योग्यता: I.A./I.S.C./I.E.D अंग्रेजीमा Fluency भएको र Basic कम्प्युटर ज्ञान भएको ।

आवेदन दिने अन्तिम मिति: २०७५ बैशाख २ गते

नोट: अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।

## न्यु होराइजन आवासीय मा.वि.

बुटवल ११, कालिकानगर, रुपन्देही

फोन नं. ०७१४३७६०२, ०७१४३००५६, ०७१४३०१३९



## नयाँ वर्षको हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ को शुभअवसरमा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।


यादव खापुङ

अध्यक्ष

## मेन्छयायेम गाउँपालिका परिवार

तेह्रथुम

# बलप्रयोगको सिद्धान्त समाज विकासको आधार स्तम्भ



● पुष्प गोपाल श्रेष्ठ ●

त्याग, तपस्या र बलिदानले मात्र पनि क्रान्तिकारी परिवर्तन ल्याउन सकिंदैन । त्यसका लागि वस्तुगत अवस्थाको सही विश्लेषण, अन्तरविरोधको विशिष्टताको सही पहिचान पनि आवश्यकता पर्दछ । यसमा सचेतन पक्षको अथवा नेतृत्व पक्षको पनि महत्वपूर्ण भूमिका हुन्छ । भन्नुको मतलब द्वन्द्ववादलाई सिर्जनात्मक ढङ्गले व्यवहारमा लागू गर्न नेतृत्व शिपालु बन्नुपर्दछ । सही व्यवहारका क्रममा नै जागृतिको लहर आउँछ र आत्मगत शक्तिमा पनि विकास हुन्छ । व्यवहारबाट नै नयाँ नयाँ प्रगतिका मार्गका ढोका खोलिँदै जान्छ । आत्मगत शक्ति कमजोर छ भनेर खुम्चेर बस्नु क्रान्तिकारीहरूको निमित्त उपयुक्त कुरो छैन र उपयुक्त हुने कुरो पनि हैन ।

निश्चितै रूपमा नेपाली कम्युनिष्ट आन्दोलन विभिन्न धारामा विभाजित रहिआएको छ । दक्षिणपन्थी अवसरवादमा यस प्रकारको पतन तथा आन्दोलनमा हुँदैआएको विभाजनका कारण एकातिर क्रान्तिकारीहरूको आत्मगत शक्ति कमजोर भएको छ । क्रान्तिकारीहरूमा केही निराशा तथा निष्कृयताको स्थिति पनि देखापरेको छ । यसो भनेर क्रान्तिकारीहरू निरीह र निकम्मा भएका होइनन् । कम्युनिष्ट आन्दोलनमा सशक्त रूपले विकसित पनि हुँदै गएको छ, सच्चा क्रान्तिकारी धारमा । अर्थात सच्चा क्रान्तिकारीहरू नेपालमा प्रतिक्रियावादका साथै दक्षिणपन्थी अवसरवादका विरुद्ध जुझारु ढङ्गले दृढतापूर्वक संघर्ष पनि गर्दै आएका छन् । नेपाली कम्युनिष्ट आन्दोलनको यो एक विशेषता नै भनुँ, एकातिर दक्षिणपन्थी अवसरवाद पैदा हुँदैजानु र अर्कोतिर त्यसका विरुद्ध क्रान्तिकारी कम्युनिष्टहरूको धारा विकसित हुँदै अगाडि बढ्नु ।

देशको विद्यमान स्थितिभित्र नेपाली कम्युनिष्ट आन्दोलनमा एकीकरण र ध्रुवीकरणका प्रवृति पनि तीव्र रूपले बढ्दै गरेको देख्नमा आएको छ । यसलाई सच्चा क्रान्तिकारीहरूले समयसापेक्ष ढङ्गले जिम्मेवारीबोधका साथ मार्क्सवादी-लेनिनवादी-माओवादी मूल्य र मान्यताअनुरूप पूर्ण सचेतता अपनाई उक्त प्रवृतिलाई व्यवहारत कार्यान्वयनमा उतार्नु जरुरी छ । त्यसैगरी दक्षिणपन्थीहरूको पंक्तिमा भ्रमवस अल्झिरहेका क्रान्तिकारीहरूलाई भ्रमबाट मुक्त भई दक्षिणपन्थी संजाल तोडेर (विद्रोहगरी) सच्चा क्रान्तिकारी धारामा एकताबद्ध हुन आउन सैद्धान्तिक रूपले उत्साहित तुल्याउनु जरुरी छ ।

सच्चा क्रान्तिकारी पक्षधर कम्युनिष्टहरूले अत्यन्तै महत्वकासाथ चिन्तन मनन गरी व्यवहारतः कार्यान्वयन गर्नुपर्ने कुरो भनेको- वैज्ञानिक भौतिकवाद वास्तविक अर्थमा कर्मको दर्शन हो । दार्शनिकहरूले मात्र जगतको व्याख्यालाई परिवर्तन गऱ्यो, तर हाम्रो काम हो, स्वयम जगतको परिवर्तन गर्नु- मार्क्सले यस भनाइमा वैज्ञानिक भौतिकवादको मर्मलाई गहन रूपले निर्क्यौल गरी राखिदिएका छन् ।

वैज्ञानिक भौतिकवादको मार्ग गीता वा वेदान्तको पलायनवादबाट बिल्कुल अलग छ । त्यो जगतलाई छोडेर भाग्न चाहँदैन, बरु जगतलाई बदल्न चाहन्छ । जगतलाई बदल्नमा कर्म- संघर्षको जरुरी छ, त्यसमा बन्द आँखा होइन, खुल्ला आँखाको जरुरी छ ।

क्रान्तिकारी मार्क्सवादीहरूले हरेक युगको सापेक्षता र सम्बन्धित देशको विशिष्टतालाई खुत्याएर क्रान्तिकारी दिशाको रणनीति र कार्यनीति लिएर 'बल प्रयोगको सिद्धान्त' अनुसार अघि बढ्नुपर्ने हुन्छ । प्रतिक्रियावादीहरूले जतिसुकै भ्रमको प्रचार गरुन्- बल प्रयोगको सिद्धान्त समाज विकासको लागि सार्वभौम सत्य हो भन्ने कुरो भुल्नु हुन्न । क्रान्तिकारीहरूले संघर्ष पक्षलाई ध्यान दिएर विकासशील पक्षलाई लिएर र त्यसभित्रका अन्तरविरोधहरू ठम्याएर क्रान्तिकारी दिशा निर्धारण गर्नु पर्दछ ।



हर क्रान्तिकारी पक्षधर कम्युनिष्टहरू हावामा सवार भएर छालहरूलाई चिरेर अघि बढ्न, नदीको धार विपरीत पौडिन हाम्रो सारा सामर्थ्य एकगठ गर्नुपर्छ । पुर्ख्यौलि पाइलाको दोबलाई यान्त्रिक रूपले मात्र पछ्याउने प्रवृतिले, नेपालको राजनैतिक वस्तुस्थिति अर्धसामन्ती, अर्धऔपनिवेशिक, नवऔपनिवेशिक तथा दलाल नोकरशाही पुँजीवादी र सामन्तवादी संसदीय राज्यव्यवस्था विरुद्धको लडाइँ (नयाँ जनवादी क्रान्ति)को लक्ष्य र उद्देश्य परिपूर्ति हुन सक्दैन । तसर्थ क्रान्तिकारीहरूले पुर्ख्यौली दोबलाई मात्र पछ्याई अगाडि बढ्ने सोच र प्रवृत्तिबाट माथि उठी, मार्क्सवादी-लेनिनवादी-माओवादी अडान र दृष्टिकोणको आधारशीलामा टेकेर, देशको वस्तुस्थितिमाथि मध्यनजर राख्दै वर्तमान सन्दर्भमा विगतमा भए गरेको विभिन्न जनआन्दोलन, सशस्त्र संघर्ष र मुख्यतः जनयुद्धको आधार तथा अनुभवमाथि ध्यान दिँदै नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको कार्यदिशा अबलम्वन गर्नु आजको अनिवार्य सर्त हो र यसमा दुई मत हुनसक्दैन ।

अहिलेसम्म सञ्चालित आन्दोलनहरूमा दस वर्षीय महान जनयुद्ध बाहेक प्रायः अरु सबै अल्पसंख्यका आन्दोलन अथवा अल्पसंख्यको हितको लागि भएका थिए । सर्वहारा आन्दोलन अर्थात दस वर्षीय जनयुद्ध चाहिं बहुसंख्यको हितको लागि अत्यधिक बहुसंख्यको स्वतन्त्रताको आन्दोलन थियो । तर उक्त आन्दोलन पूर्ण हुँदानहुँदै बीचैमा प्रमुख नेतृत्व सैद्धान्तिक विचलनमा परी जनयुद्धप्रति गद्दारी गर्नाको कारण पछाडि धकेलिन पुगेको स्थिति हो यो । सर्वहारावर्ग आधुनिक समाजको सबैभन्दा तल्लो तह हो । उसले आफूभन्दामाथि रहेको सम्पूर्ण सत्तारुढ समाजका सबै श्रेणीहरूलाई हावामा नउडाइकन माथि उठ्न र जीउ सोझ्याउन सक्दैन । हामीले दुनियाँमा के देखिसकेको छौं भने सर्वहारावर्गलाई सत्तारुढ वर्गमा परिणत गर्नु र प्रजातन्त्र (लोकतन्त्र)को लागि लडाइँ जित्नु नयाँ जनवादी क्रान्ति पहिलो चरण हो । यसै माध्यम दोस्रो चरण वैज्ञानिक समाजवाद हुँदै तेश्रो चरण साम्यवादी व्यवस्थामा छलाङ मार्नु हो ।

हामी जनतालाई विश्वास गर्छौं । जनताको गुरु बन्नु छ भने जनताको चेला बन्न तयार हुनुपर्छ । अहिले चालु रहेको संगठन तथा जनपरिचालन तीन महिने अभियानलाई अझ अरु सशक्त रूपले सञ्चालन गर्नु जरुरी छ । दस वर्षीय जनयुद्धका प्रमुख नेतृत्व सैद्धान्तिक विचलनमा परी अधुरो रहिरहेको नयाँ जनवादी क्रान्तिलाई पूर्णतामा परिणत गर्न पूर्ण अनुशासित दृढ एवम् जुझारु संगठनको खाँचो छ । के हामी त्यस प्रकारको संगठन निर्माण गर्न सक्छौं ? के तपाई हामीमा त्यो हिम्मत छ ? त्यसो गर्न सकियो भने मात्र हामी त्यो बीचैमा अधुरो र अपुरो रहिरहेको नयाँ जनवादी क्रान्तिलाई पूर्ण बनाई यसै माध्यम वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा छलाङ मारेर हामी वर्गलाई निर्णायक रूपमा सखाप पार्न सक्छौं र तीन खालका ठूला अन्तरहरू घटाउन सक्छौं ।

क्रान्तिकारीहरूले के बुझ्न जरुरी छ भने अधिनायकवादी बुर्जुवा विचारलाई सखाप पार्नु छ । त्यसलाई सखाप नपारेसम्म न त समाजवाद स्थापना गर्न, न त पहिलो संघर्ष छिचोल्न सक्छौं । दोस्रो कुरा हो, आलोचना, तेस्रो हो, रूपान्तरण । बुर्जुवा प्रवृत्तिभित्र नेता हुनुको हैकम जमाई कार्यालयमा बस्दै कार्यकर्ताहरूबाट रिपोर्टहरू मात्र सुनिबस्नु राम्रो कुरा होइन । जनतामा भर पर्नु, उनीहरूलाई विश्वासमा लिनु र यो संघर्षलाई किनारा लगाउनुको कुनै विकल्प छैन । क्रान्ति सम्पन्न गर्ने हो भने कुक्रुक्क खुम्चिने होइन, हामी आफूले आफैलाई अनुशासित बनाउनुपर्छ, आफैलाई फेर्नुपर्छ । भन्नुको मतलब, सिंगो पार्टी, पार्टीका जिम्मेवार कमरेडहरू र सम्पूर्ण कार्यकर्ताहरू त्यसका लागि बिना हिच्किचाहत तयार हुनुपर्छ । अन्यथा क्रान्ति प्रतिक्रान्तिमा बदलेर फेरि पनि उहि पुरानो अझ त्यो भन्दानि दुःखदाइ घटना नघट्ला भन्न सकिन्न ।

महान् सांस्कृतिक क्रान्तिताक क.माओले सांस्कृतिक क्रान्तिकर्मिहरूलाई सम्बोधन गर्ने क्रममा भन्नु भएको थियो 'तपाईहरूले आफ्नै जिउमा आगो लगाउन तयार हुनुपर्छ, दनदन बलिरहेको आगोको ज्वालामा आफुलाई होम्न तयार हुनुपर्छ । तपाईहरूमा यसो गर्न हिम्मत छ ?' क्रान्तिकारी कम्युनिष्ट र क्रान्तिकारी कम्युनिष्ट पार्टीका प्रत्येक सदस्यहरूले, यो माओको अत्यन्तै महत्वपूर्ण उपदेशलाई गंम्भिरतासाथ मनन् गरी भित्रैदेखि क्रान्तिप्रति समर्पित भई 'डर' भन्ने शब्दलाई साहस शब्दले सट्टापट्टा गरी आफ्नो टाउकोमा आफैले कात्रो बाँधी क्रान्तिको मुसलो(ज्वाला)मा लामबद्ध हुनसक्नु पर्दछ ।

सच्चा क्रान्तिकारी कम्युनिष्टहरूमा अवश्य पनि यो अवगत भएकै हुनुपर्छ बुर्जुवा समाजमा अतीतले वर्तमानमाथि शासन गर्दछ, साम्यवादी समाजमा चाहिं वर्तमानले अतीतमाथि शासन गर्ने छ । भन्ने कुरा प्रष्ट छ, यस विषयमा कुनै भ्रम पालेर बस्नु जरुरी छैन । बुर्जुवा समाजमा पुँजी स्वतन्त्र छ र उसको आफ्नै व्यक्तित्व हुन्छ, परन्तु श्रमिक भने परतन्त्र छ र उसको कुनै व्यक्तित्व हुँदैन । तैपनि यी सम्बन्धहरूलाई निर्मूल पार्नुको मतलब व्यक्तित्व र स्वतन्त्रतालाई नै नष्ट पार्नु हो भन्ने बुर्जुवावर्गको भनाइ छ । यो कुरा सतप्रतिशत सही हो । वास्तवमा नै बुर्जुवा व्यक्तित्व, आत्मनिर्भरता र स्वतन्त्रतालाई नष्ट नगरी हुन्न गर्नै पर्दछ ।

त्यसरी नै साम्यवादी क्रान्ति भनेको पनि स्वमित्वका परम्परागत सम्बन्धहरूसँगको आमूल बिच्छेद हो । अतः आफ्नो विकासको सिलसिलामा यसले अतितका परम्परागत विचारहरूसित निर्णायक रूपले सम्बन्ध-विच्छेद गर्दछ भने यो कुनै आश्चर्यको कुरा होइन । यो तेश्रो चरण अर्थात नेपालको राजनीतिक वस्तुगतस्थिति अनुसार साम्यवादमा छलाङ मार्नु अघि, पहिलो चरण नयाँ जनवादी, दोश्रो चरण वैज्ञानिक समाजवादमा पूर्ण सफलतापूर्वक विजय हासिल गरिसकेपछि बल्ल तेश्रो चरण साम्यवादमा छलाङ मार्ने हो । जसको निमित्त हामीले जनतालाई हाम्रो विचारधारा (मार्क्सवाद-लेनिनवाद-माओवाद) र राजनीतिक लाइन मुताविक प्रशिक्षित गर्न ध्यान दिनु नितान्त जरुरी छ । हाम्रो सिद्धान्त अहिले पनि 'विगतका गल्तीहरूबाट पाठ सिक्ने र भविष्यमा गल्ती नदोहोऱ्याउने' तथा 'बिरामीलाई बचाउन रोगको निदान गर्नु' भन्ने नै हो । देशमा अधुरो रहिरहेको क्रान्तिकारी लडाइँ( नयाँ जनवादी क्रान्ति)लाई पूर्णता दिन नेपालका तमाम सच्चा क्रान्तिकारी कम्युनिष्ट, वाम्पन्थी, देशभक्त तथा शोषित पिडित आम श्रमजीवि जनसमुदायहरू क्रान्तिकारी झण्डामुनि एकजुट भई साम्राज्यवाद, विस्तारवाद, प्रतिक्रियावाद, तथा दलाल नोकरशाहि पूँजीवादी र समन्तवादी प्रतिक्रियावादी राज्यसत्ता विरुद्धको क्रान्तिकारी लडाँइको मैदानमा उत्रनु आजको ऐतिहासिक चुनौति हो र राष्ट्रिय आवश्यकता पनि हो भन्ने कुरो अत्मासात गरी क्रान्तिकारी कार्यभार, नेपाली विशिष्टामा आधारित सशस्त्र विद्रोहको कार्यदिशालाई व्यवहारत कार्यन्वयन गरी देश र जनताको अवश्यकता र चाहना परिपूर्ति गर्नु सच्चा क्रान्तिकारी कम्युनिष्टहरूको नैतिक दायित्व हो । *०७४/१२/०२*

*ताहाचल, काठमाडौं, नेपाल*

## बर्दिया यसरी मनाइयो जनआन्दोलन दिवस

● **आयुष न्यौपाने**

बर्दिया । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को केन्द्रीय कार्यक्रम अन्तर्गत अन्य जिल्लाका साथ-साथै क्रान्तिकारी माओवादी बर्दिया-बाँकेले पनि जिल्लाका विभिन्न स्थानहरूमा जनआन्दोलन दिवस मनाएको छ । जनआन्दोलन दिवसको सन्दर्भमा क्रान्तिकारी माओवादीले त्यहाँ हुड्के नाच, व्याण्डबाजाका साथै जनवादी कलाकारहरूको प्रस्तुति समेत प्रदर्शन गर्दै मनाएको छ ।

बर्दियाको बाँसगढी बजारमा ऱ्याली सकेर कोणसभा गर्ने क्रममा प्रहरीको एक टोलीले कस्को कार्यक्रम हो ? हामीलाई जानकारी नदिएर गर्न मिल्दैन भन्दै आफ्नो हस्तक्षेप बढाएपछि युवाहरूले त्यस्को प्रतिकार गर्दै कार्यक्रम बिथोल्न खोजेमा रोड नै ठप्प पार्ने र आवश्यक कार्वाहीमा उत्रने चेतावनी दिएका थिए ।

उक्त कार्यक्रममा विषयमा सोध्नु छ भन्दै आफुलाई बाँसगढि प्रहरी इनिस्पेक्टर (सादा पोशाकका)ले क्रान्तिकारी माओवादी बर्दियाका सेक्रेटरी लोकेशलाई कस्को कार्यक्रम हो भन्दै धकलेर हटाउन खोजेपछि त्यहाँ केहीबेर तनाव भएको थियो ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य शिशिरले पार्टीको पाँच महिने अभियानले संगठन सुदृढ भएको र त्यसबाट दलाल राज्य ब्यवस्था निक्कै आतंकित बनेको बताए ।

उनले सामाजिक असमानता, विभेद र अन्याय रहेसम्म कसैले चाहदैंमा वा नचाहेमा पनि क्रान्ति नरोकिने भन्दै अहिले क्रान्तिकारी धारको नेतृत्व आफ्नो पार्टी गरिरहेको जिकिर गरें ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै पार्टीका केन्द्रीय सदस्य तथा बाँके-बर्दिया इन्चार्ज सङ्कुलले पार्टी जनवादी क्रान्तिको तयारीमा जुटिरहेको भन्दै युवाहरूलाई सामाजिक अपराधीहरूका विरूद्ध जनताको साथ लागेर प्रतिकार गर्न निर्देशन दिए ।

कार्यक्रममा विद्यार्थी, युवादेखि बृद्धहरू समेत गरी करिव पाँच सयको उपस्थिति रहेको थियो ।


नयाँ वर्षको हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ को शुभअवसरमा उपमहानगरवासी तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

साई कृपा चिया प्याकेजिङ उद्योग

बुटवल-८, सुख्खानगर, रूपन्देही



नयाँ वर्षको हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ को शुभअवसरमा उपमहानगरवासी तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

श्री सिद्धार्थ हार्डवेयर सेन्टर

श्री श्रेष्ठ ब्रदर्श एण्ड सप्लायर्स

श्री श्रेष्ठ जिम हाउस

देवदह-७, खैरेनी, रूपन्देही, फोन ०७१-५७७०३८

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# संयुक्त आदिवासी जनजाति प्रशिक्षण सम्पन्न

पोखरा । चैत्र २३ र २४ गते आदिवासी जनजाति महासंघमा आबद्ध अखिल नेपाल मगर मुक्ति मोर्चा, अखिल नेपाल तमु मुक्ति मोर्चा, अखिल नेपाल छन्त्याल मुक्ति मोर्चा र अखिल नेपाल भुजेल मुक्ति मोर्चाको संयुक्त आयोजनामा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । निल वहादुर पुनको अध्यक्षतामा सम्पन्न भएको उक्त प्रशिक्षण कार्यक्रममा डा. ओम गुरुङ प्रमुख आतिथ्यता रहेको थियो । उक्त कार्यक्रममा क्रान्तिकारी माओवादीका पोलिटब्यूरो सदस्यहरू सिताराम तामाङ्ग, के.बि. गुरुङ, नगेन्द्र राई, पार्टीका ४ नं. प्रदेश सचिव श्याम, पोलिटब्यूरो सदस्य तथा देजमो नेपाल ४ नं. प्रदेश संयोजक केशवहादुर परियार, पार्टी केन्द्रीय सदस्यहरू अरुण, अनुकूल, निश्चललगायत नेताहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा देजमो नेपाल केन्द्रीय सदस्यहरू भिम वहादुर श्रीस, कास्की जिल्ला पार्टी सेक्रेटरी हेमन्त लगायत जबस मोर्चाका नेताहरू, पार्टी जिल्लाका नेताहरूको समेत उपस्थिति रहेको थियो ।

छन्त्याल मुक्ति मोर्चाका अध्यक्ष बम वहादुर छन्त्यालले स्वागत गरेको उक्त प्रशिक्षण कार्यक्रमको सञ्चालन तमु मुक्ति मोर्चाका अध्यक्ष कृष्ण गुरुङले गर्नु भएको थियो ।

उक्त संयुक्त प्रशिक्षण कार्यक्रममा डा. ओम गुरुङले क्षीइ ज्ञटढ, आदिवासी जनजाति आन्दोलन र नेपाली समाजको अवस्थाबारे, सिताराम तामाङ्गले इतिहास, ऐतिहासिक भौतिकवादी दृष्टीकोण बारे, के.बि. गुरुङले संघीय सरचना, धार्मिक सांस्कृतिक र समसामयिक विषयबारे र नगेन्द्र राईले सगठन, संघर्ष र संविभानबारे प्रशिक्षण दिनु भएको थियो । ४ नंम्बर प्रदेशको राजधानी पोखरामा सम्पन्न उक्त कार्यक्रमलाई कास्की जिल्ला पार्टी सेक्रेटरी हेमन्तले सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो । संयुक्त प्रशिक्षण कार्यक्रम सम्पन्न पश्चात तीन वटै मोर्चाहरूको केन्द्रीय समितिका बैठकहरू सम्पन्न भएका छन् ।

यसैबीच, यही चैत्र २५ गते ने.के.पा. (क्रान्तिकारी माओवादी) ४ नंम्बर प्रदेश समितिको बैठक प्रदेश कार्यलय पोखरामा स्थायी समिति सदस्य एवंम् ४ नं. प्रदेश इन्चार्ज परि थापाको विषेश उपस्थितिमा सम्पन्न भएको छ । त्यसैगरी चैत्र २५ गते नै देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल ४ नम्बर प्रदेश समितिको बैठक प्रदेश कार्यलय पोखरामा मोर्चाका केन्द्रीय सचिव परि थापाको विषेश उपस्थितिमा सम्पन्न भएको छ ।

## वाम गठबन्धन...

धोकेबाज र गद्दारहरूलाई समय आएपछि क्रान्तिकारी जनताले उचित सबक सिकाउने दावी गर्नुभयो ।

अब नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्ने ऐतिहासिक कार्यभार युवा पुस्ताको काँधमा आएको भन्दै महासचिव किरणले त्यसका लागि क्रान्तिकारी युवाहरूले विचार, राजनीति, संगठन र संघर्षलगायत सबै हिसाबले आफूलाई निपूर्ण पार्नुपर्ने विचार व्यक्त गर्नुभयो । अनेकौं भ्रम छरेर वाम गठबन्धन र वाम एकताको नाममा झापा विद्रोह र जनयुद्धका धोकेबाजहरूले देश र जनता ठगिरहेकोले क्रान्तिकारी युवाहहरूले त्यस्ता भ्रमका पर्दाहरू च्यात्दै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको वास्तविक समाधानका लागि नयाँ जनवादी क्रान्तिको तयारीमा घनिभूत रूपमा जुट्नुपर्ने आवश्यकता औल्याउनु भयो ।

सच्चा कम्युनिष्ट, क्रान्तिकारीहरूलाई एकजुट पारेर क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन आफू र आफ्नो पार्टीले इमान्दारितापूर्वक पहलकदमी लिइरहेको भन्दै महासचिव किरणले पार्टी एकतालाई लक्षित गर्दै चार पार्टीहरू तत्काल कार्यगत एकता गरेर अगाडि बढ्ने वातावरण निर्माण गरिएको पनि कार्यक्रममा जानकारी दिनुभयो ।

क्रान्तिकारी युवाहरूको उक्त सम्मेलनमा क्रान्तिकारी माओवादीका पोलिटव्यूरो सदस्य तथा १ नं. प्रदेश सचिव राम आचार्य, युवाका फ्र्याक्सन इन्चार्ज तथा पार्टी केस मीनकुमार, केसहरू केदार गुरागाई, मनोज श्रेष्ठ लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## नयाँ जनवादी...

प्रदेश सचिव श्रीनाथ अधिकारी, पिविएक नगेन्द्र राई, केश बहादुर परियार, केसहरू अशोक लम्साल, निल बहादुर पुन, नारायण अधिकारी, कृष्ण गुरुङ, देजमो केस भिम श्रीस, अनेमसंघ (क्रान्तिकारी) की नेतृ कुमारी थापा, कल्पना थापा, पार्टी बाग्लुङ पुर्ण गुरुङ, तनहुँ सेक्रेटरी बाबुराम सुवेदीलगायत नतोहरूको उपस्थिति रहेको थियो । मौसमको प्रतिकूलताका बाबजुद कार्यक्रममा पार्टी नेता कार्यकर्ता र जनताको उल्लेख्य सहभागिता रहेको थियो ।

## राष्ट्रिय...

रहेकोले अब दलालहरूका विरुद्ध नै आन्दोलन केन्द्रित गर्नुपर्नेमा नेता श्रीसले जोड दिनुभयो ।

नेकपाका अध्यक्ष ऋषि कट्टेलले राष्ट्रिय स्वाधीनताको आन्दोलनको थालनी भइसकेको चर्चा गर्दै ५१ अर्ब कमिसन बुझेर जिएमआरलाई माथिल्लो जलविद्युत आयोजना सुम्पने एमाले, कांग्रेस र माकेका दलाल नेताहरूले त्यस्तै कमिसन लिएर नै अरुण तेस्रो पनि भारतलाई सुम्पेको आरोप लगाउँदै अब दलालहरूका विरुद्ध नै आन्दोलन लक्षित गर्नुपर्ने बताउनु भयो । सन् पचासयता गरिएका राष्ट्रघाती सन्धि सम्झौताको सविस्तार चर्चा गर्दै अध्यक्ष कट्टेलले शान्तिपूर्ण गरिएका कार्यक्रममा समेत दमनमा उत्रिन थालेको दलाल सरकारका विरुद्ध आन्दोलनलाई सशक्त बनाउनु पर्ने बताउनु भयो ।

त्यसैगरी मसालका प्रवक्ता रामप्रकाश पुरीले अरुण तेस्रो लगायत सबै राष्ट्रघाती सन्धि सम्झौताको आफ्नो पार्टीले विरोध गर्दै आएकोले अब संयुक्त आन्दोलनमार्फत् राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई सशक्त बनाउनु पर्नेमा जोड दिनुभयो ।

नेकपा (विप्लव)का नेता अनिल शर्मा विरहीले सन् पचासलगायतका असमान तथा राष्ट्रघाती सन्धि सम्झौताहरू खारेज गरिनु पर्ने माग राखेर शान्तिपूर्ण आन्दोलन गर्दा समेत राज्य दमनमा उत्रिएको भन्दै राष्ट्रिय स्वाधीनता र परिवर्तनका पक्षधर जनताले आवश्यक परे हतियार उठाउने चेतावनी दिनुभयो । विस्तारवाद तथा साम्राज्यवादका दलालहरूका विरुद्ध नै अबको आन्दोलन केन्द्रित हुने पनि नेता विरहीले बताउनु भयो ।

क्रान्तिकारी माओवादीका नेता श्रीसले अध्यक्षता गरेको कार्यक्रमको सञ्चालन नेकपा (विप्लव)का नेता विरहीले गर्नुभएको थियो । कार्यक्रममा चारवटै पार्टीका नेता कार्यकर्ताहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

## देशैभर...

पार्टी निकट क्रान्तिकारी यातायात मजदुर संघको राष्ट्रिय सम्मेलन उद्घाटन गर्नुभयो । उहाँले काठमाडौंमै आयोजित संयुक्त विरोध सभालाई पनि सम्बोधन गर्नुभयो ।

त्यसैगरी पार्टी स्थायी समिति सदस्य तथा प्रवक्ता हरिभक्त कँडेलले कंचनपुरमा आयोजित पार्टी प्रशिक्षण तथा पार्टी प्रवेश कार्यक्रम कार्यक्रमलाई सम्बोधन गर्नुभयो भने पार्टी स्थायी समिति सदस्य परि थापाले पोखरामा आयोजित एक भव्य सभालाई सम्बोधन गर्नुभयो । जनआन्दोलन दिवसकै अवसर पारेर रूपन्देहीमा आयोजना गरिएको कार्यक्रमलाई पार्टी पिविएमद्वय केवि गुरुङ र प्रेम सुवेदीले सम्बोधन गर्नुभयो भने बर्दिया र बाँकेमा आयोजित कार्यक्रमलाई पार्टी केसहरू शिशिर र संकुलले सम्बोधन गर्नुभयो । २ नं. प्रदेशमा जनआन्दोलन दिवसकै अवसर पारेर क्रान्तिकारी युवा लिगको प्रशक्षिण कार्यक्रम राखिएको छ ।

त्यसैगरी उदयपुर, रामेछाप, ओखलढुंगा, दोलखा, दाङ, कपिलवस्तु, नवलपरासी, काठमाडौं, ललितपुर र भक्तपुरमा पनि कार्यक्रमहरू सम्पन्न भएका छन् ।

## चार वामले...

सबै असमान सन्धि सम्झौताहरूलाई कार्यान्वयन गर्ने कुराको घोर विरोध एवं भर्त्सना गर्दै चैत २४ गते नेपालका प्रधानमन्त्री केपी ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको अरुण तेस्रो जलविद्युत परियोजनाको भारतको दिल्लीबाट संयुक्त रूपमा शिलान्यास गर्ने कुराको विरोध गर्दै काठमाडौंमा संयुक्त विरोध गर्ने घोषणा गरिएको छ ।

वक्तव्यमा चार पार्टीको संयुक्त आयोजनमा अगामी बैशाख ३ गते राष्ट्रियतासम्बन्धी अन्तरक्रियात्मक गोष्ठी गर्ने पनि निर्णय गरिएको उल्लेख छ । सरकारले शान्तिपूर्ण संगठन, भेला र संघर्षमा दमन गरेकोमा पनि वक्तव्यमा त्यसको विरोध एवं भर्त्सना गरिएको छ ।

## संयुक्त...

जनजीविका सम्बन्धी परस्पर सहमति भएका विषयहरूमा कार्यगत एकता गरी संयुक्त संघर्ष गर्न सहमत भएका छौं । तत्कालका लागि निम्न संघर्षका कार्यक्रमहरू घोषणा गरिएको छ ।

क) नेपालका प्रधानमन्त्रीको आसन्न भारत भ्रमणका क्रममा यसभन्दा अगाडि नेपाल-भार बीचमा भएका राष्ट्रहित विपरीतका सबै असमान सन्धि सम्झौताहरूलाई कार्यन्वयन गर्ने कुराको घोर विरोध र भर्त्सना गर्ने ।

ख) चैत २४ गते नेपालका प्रधानमन्त्री केपी ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको अरुण तेस्रो जलविद्युत परियोजनाको भारतको दिल्लीबाट संयुक्त रूपमा शिलान्यास गर्ने कुराको विरोध गर्दै काठमाडौंमा संयुक्त विरोध गर्ने ।

ग) चार पार्टीको आयोजनमा अगामी बैशाख ३ गते राष्ट्रियता सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी गर्ने ।

३) सरकारले शान्तिपूर्ण संगठन, भेला र संघर्षमा दमन गरेकोमा त्यसको विरोध र भर्त्सना गर्ने ।'

# चितवनको भरतपुर महानगरमा देजमोको वडा कमिटी गठन

भरतपुर । चितवनको भरतपुर महानगरपालिका-१५ मा सम्पन्न भएको एक भेलाले देशभक्त गणतान्त्रिक मोर्चा, नेपालको वडा कमिटि गठन गरेको छ । भेलाले महादेव शर्माको अध्यक्षतामा ११ सदस्यीय कमिटि गठन गरेको हो । उक्त कमिटिको उपाध्यक्षमा रेशम लाल श्रेष्ठ, सचिवमा टेक प्रसाद बम्जन, सहसचिवमा जेनिसा परियार, कोषाध्यक्षमा नर बहादुर बिक र सदस्यहरूमा गज बहादुर बिक, पोषराज बिक, सुमित्रा दर्जी, अमित सापकोटा, बुद्धि बहादुर परियार लगायत रहेका छन् ।

देजमो केन्द्रीय सचिवालय सदस्य अम्बिका मुडभरीको प्रमुख अतिथ्यतामा सम्पन्न भएको उक्त भेलामा पार्टी जिल्ला सदस्य बिपिन र बाबुराम प्यासीको पनि उपस्थिति रहेको थियो ।

भेलामा नवगठित सम्पूर्ण पदाधिकारी साथीहरूलाई देजमो केस अम्बिका मुडभरीले सफल कार्यकालको शुभकामना तथा धन्यवाद दिनु भयो ।

नयाँ वर्षको हार्दिक शुभकामना
नयाँ वर्ष २०७५ को शुभअवसरमा
देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
प्रो- खुसहरी बुढाथोकी
एनएमके सप्लायर्स प्रा.लि.
मन्थली-१२

नयाँ वर्षको हार्दिक शुभकामना
नयाँ वर्ष २०७५ को शुभअवसरमा
देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
रेन्बो एकेडेमी होम्स (सेकेण्डरी बोर्डिङ स्कूल)
पोखरा, लेखनाथ-१५, कोलपानी
लेकाली चुलोघर
अमरसिंहचोक, पोखरा, कास्की
(लेकाली (अर्गानिक) खानाका परिकारहरू (लोकल कुखुरा, बोकाको मासु, पाडाको सुकुटी र लोकन माछाहरूको खानामा (ढिडो तथा खाना) २०० क्षमताको डिलक्स सेमिनार हल, विवाह पार्टी, बर्थडे पार्टी, तेलिबटी भोज, स्योके कार्यक्रम तथा ढुकुटी पार्टी आदि...)
अंकल सेफ रेष्टुरेन्ट
अमरसिंहचोक, पोखरा-१०, (ए एण्ड ए मिनिमार्केट)
हामीकहाँ अर्डरअनुसारको खाना, खाजा, बर्गर, सैंण्डविच सेकुवा पाइन्छ ।
प्रो. किरण थापा
पोखरा आइरन आकृति उद्योग
उत्तमचोक, पोखरा

नयाँ वर्षको हार्दिक शुभकामना
नयाँ वर्ष २०७५ को शुभअवसरमा
देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
हरि चोङवाङ
अध्यक्ष
फेदाप गाउँपालिका परिवार
तेह्रथुम

नयाँ वर्षको हार्दिक शुभकामना
नयाँ वर्ष २०७५ को शुभअवसरमा
देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सन्तोष तिगेला
अध्यक्ष
छथर गाउँपालिका परिवार
तेह्रथुम

## राष्ट्रिय...

नेतृत्व गरेको नेकपा र नेकपा (मसाल)ले त त्यसको विरोध गर्दै संयुक्त वक्तव्य निकाल्ने काम भयो र काठमाडौंमा विरोधसभाको कार्यक्रम पनि राखियो । यिनै विरोधका कारणले गर्दा अरुण तेस्रो शिलान्यास गर्ने कुरा कार्यक्रमबाट हटाइयो । तर पनि उनको भारत भ्रमणमा पहिलेका असमान सन्धिसम्झौताहरू खारेज गर्ने र नेपालको राष्ट्रिय स्वाधीनताको पक्षमा कुरा राखेको पाइएन ।

अरुण तेस्रोको दिल्लीमा शिलान्यास नगरे पनि त्यसलाई लागू गर्ने कुरामा उनी प्रतिबद्ध छन् । अनलाइनखबरले छापेको छ 'भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो मौखिक मन्तव्यमा यसो भने ' प्रधानमन्त्री ओलीजीको समयमा मिलेर मैले जल संशाधन र ऊर्जासम्बन्धी प्रोजेक्टहरूको पनि रिभ्यू गरें । हामी दुवै अरुण-३, पञ्चेश्वर र सप्तकोशी सुनकोसी जस्ता परियोजनाहरूको काममा गति बढाउनेबारे सहमत छौं ।' भारतीय प्रधानमन्त्री मोदीको यो भनाइले अरुण-३ लगायत अन्य प्रोजेक्टहरूको गति बढाउने कुरामा नेपालको प्रधानमन्त्री ओलीजीको सहमति देखिन्छ । जबकि यो प्रोजेक्टहरू नेपालको हितमा छैन । यहाँनिर पनि ओलीजीको राष्ट्रवादको मुकुण्डो उदाङ्गो भएको छ ।

प्रधानमन्त्री ओलीले नेपालको तर्फबाट उठाउनुपर्ने मुद्दा सीमा अतिक्रमण हो । आज नेपालको भारतसँगको सीमानामा भारतीय पक्षबाट सीमा मिचियो भनेर जनस्तरबाट विरोध भइरहेको छ । तर प्रधानमन्त्री ओलीज्यूबाट त्यस विषयमा कुरा राखेको पाइएन । अहिले नेपालले नउठाइ नहुने कुरा भनेको अन्तर्राष्ट्रिय कानुन विपरीत भारतले नेपालको सीमा नजिक एकपक्षीय रूपबाट बनाएको बाँधहरूको कारणले नेपाली भूमि डुबान हुने कुरा हो । आज वर्षायाममा दक्षिण सिमानामा रहेको त्यसकारण अनलाइन खबरले लेखेको छ कि 'दुई देशका प्रधानमन्त्रीले जारी गरेको संयुक्त वक्तव्यलाई हेर्दाखेरि नेपालले उठाउनुपर्ने आफ्नो सरोकारको मुद्दाहरू दह्रोसँग राखेको देखिंदैन ।' अनलाइनखबरले भनेजस्तै- 'आफ्नो सरोकारको मुद्दाहरूमा दह्रोसँग नराखेको भन्दा पनि भारतलाई रिझाउनतिर लागेको देखिन्छ । ओलीले आफ्नो भाषणमा भनेका छन् भारतसँग युग सुहाउँदो नमूना सम्बन्ध बनाइनेछ । भारतसँग त नमूना सम्बन्ध बनाउने अरु देशसँग कस्तो सम्बन्ध बनाउने ? नेपालको असंलग्न परराष्ट्र नीति अवलम्बन गर्दै आइरहेको छ । अब कुनै एउटा देशसँग नमूना सम्बन्ध बनाउने अरु देशसँग सामान्य सम्बन्ध बनाउने भएपछि असंलग्न परराष्ट्र नीति लागू कसरी हुन्छ । वास्तवमा भारतसँग नमूना सम्बन्ध बनाउँछु भन्नुको अर्थ भारतीय शासकवर्गको चाकडी गरेको हो । नेपालमा पहिलेका शासकहरूले विभिन्न कारणहरू देखाएर भारतसँग विशेष सम्बन्धको कुरा गर्थे । त्यसप्रकारको विशेष सम्बन्धको नाममा भारतसँग असमान प्रकारका सन्धिसम्झौताहरू गर्ने काम गरे । ओलीजीले पनि भारतसँग नमूना सम्बन्धको नाममा अब के के गर्ने हुन् भविष्यले बताउने छ ।


सारमा भारतले नेपालप्रति अपनाउने नीतिमा आधारभूत रूपमा कुनै परिवर्तन आएको छैन । उसले नेपाललाई आफ्नो सुरक्षा छाताभित्र राख्ने र नेपालको प्राकृतिक स्रोतसाधनहरूलाई आफ्नो कब्जामा राख्ने नीति यथावतै छ । यता नेपालका शासकवर्ग आफू सत्तामा जान र सत्तामा टिकिरहनका लागि भारतीय शासकहरूलाई खुशी पार्न उनीहरूको चाकडी गर्ने, आत्मसमर्पण गर्ने प्रवृत्तिको पनि अन्त भएको छैन । नेपालमा ठूला भनिने राजनीतिक दलहरू ने.कां., एमाले र माओवादी केन्द्रले सत्ता बाहिर रहँदा राष्ट्रिय स्वाधीनताको बारेमा जतिसुकै चर्का कुरा गरे तापनि सत्तामा पुगेपछि भारतीय शासकवर्गको अगाडि आत्मसमर्पण गरेको इतिहास साक्षी छ । त्यसकारण नेपालको राष्ट्रिय स्वाधीनताको रक्षा र विकासको लागि नेपालको सत्तासीन वर्गमाथि भर परेर होइन कि स्वयं नेपाली जनता सचेत भएर राष्ट्रिय स्वाधीनताको पक्षमा आन्दोलित भए मात्र नेपालको स्वाभिमानलाई बचाउन सकिनेछ । त्यसैले सबै प्रकारका राष्ट्रघाती सन्धिसम्झौताहरूलाई खारेज गराउन सशक्त आन्दोलनको जरुरी छ ।

## नयाँ जनवादी...

समाजवादी देश बाहेक अरुबाट उपरोक्त कुराको अपेक्षा गर्नु भनेको धतुरो रोपेर आँपको आशा गर्नु जस्तै हो ।

वर्तमान पश्चगामी संविधान अन्तर्गत बनेको प्रतिक्रियावादी राज्य सत्ता सञ्चालक जुनसुकै नाममा भएपनि प्रतिक्रियावादी नै हुन् । उनीहरूले गर्ने काम पनि विगतका रा.प्र.पा, कांग्रेस र मधेवादी दलले गर्ने जस्तै हुन् । तर उनीहरू कथित वाम र कम्युनिष्ट नाममा गरएका हुँदा झन् ठुलो भ्रम पार्दछन् । जसरी हरियो घाँसमा लुकेका हरेउ सर्पलाई सजिलै देख्न सकिँदैन । यिनीहरूको भ्रमलाई पनि नेपाली जनताले सजिलै चिर्न सक्तैनन् । नेपालमा वामपन्थी शब्द निकै लोकप्रिय छ । यो झण्डै कम्युनिष्ट कै समानान्तर शब्दको रूपमा बुझ्ने काम हुँदै आएको छ । बेलायतमा सरकार विरोधी शब्दको रूपमा विकास भएको र सभामुखको देव्रे लाइनमा बस्ने सांसदलार्य प्रयोग हुने शब्दार्थको हिसाले पनि एमाले र माके सरकारमा बसेकोले दक्षिणपन्थी हुन् । एमाले र माकेले नयाँ जनवादी क्रान्ति पुरा भयो अब समाजवादी क्रान्ति गर्ने भन्नु साम्राज्यवाद हाम्रो सन्दर्भमा मुख्यतः भारतीय विस्तारवाद माथि पर्दा हाल्नु हो । साम्राज्यवाद र विस्तारवादले जब आफ्ना पुराना चाकरहरू शक्तिका हिसाबले संगठनका हिसाबले कमजोर र काम नलाग्ने हुन्छन्, त्यसपछि नयाँ चाकर खोज्छन् । यद्यपि एमाले भारतीय विस्तारवादको विश्वास पात्र भइसकेको सन्दर्भमा उनीहरूलाई विस्तारवादले प्रयोग गर्न कुनै कठिनाई छैन । केही समय राष्ट्रवादीको मुकुण्डो प्रयोग गरेर जनतालाई भ्रम दिएका मात्र हुन् । सत्ता र सरकारमा नजाँदै कुटनीतिक मर्यादा नाघेर सरकारलाई छलेर विस्तारवादका प्रतिनिधिसँग गोप्य मन्त्रणा गरिसकेका छन् । ओलीको भारत भ्रमणलाई राष्ट्रप्रेमी नेपालीले बडो चनाखोका साथ हेरेका छन् ।

कुनै पनि राष्ट्रघाती सन्धि, सम्झौता भयो भने देशभक्त नेपालीहरूले आगो ओकल्ने छन् । त्यसकाकारण नयाँ जनवादी क्रान्ति पुरा भयो भन्नु साम्राज्यवाद र विस्तारवादको दलाल बन्नु हो । नेपाली जनताका शत्रु दुई पहाड- दलाल नोकरशाही पुँजीवाद र सामन्तवाद मिलेर बनेको घरेलु प्रतिक्रियावाद र साम्राज्यवाद हाम्रो सन्दर्भमा भारतीय विस्तारवाद हन् । यी दुई पहाडलाई फोरेर सम्म नबनाएसम्म जसले जतिसुकै कानका जाली फुट्ने गरी चिच्याए पनि नेपालमा नयाँ जनवादी क्रान्ति पुरा भएको मानिने छैन । जतिसुकै पुराना दलालहरू नाँगिएर नयाँ दलाल आएर भ्रम दिए पनि त्यो पिसाबको न्यानो मात्र हुनेछ । त्यसैले वामपन्थीको नाममा, कम्युनिष्टका नाममा प्रतिक्रियावादी सत्ता र सरकारमा गएका एमाले र माकेले पश्चगामी र यथास्थितिवादी राप्रपा, मधेसवादी र कांग्रेसभन्दा राष्ट्रवादी, वामपन्थी एवं कम्युनिष्टप्रिय नेपाली जनतालाई कैयौं गुणा भ्रम दिने छन् । नेकपा (क्रान्तिकारी माओवादी) प्रष्ट छ,- प्रतिक्रियावादी राज्यसत्ताको कुर्सीमा जो बस्छ उही नेपाली जनताको प्रधान शत्रु हो । विगतका नांगिएका दलालहरूलाई जसरी सजिलै भण्डाफोर गरेर वर्तमान प्रतिक्रियावादी सरकारलाई पुर्दै सैद्धान्तिक र व्यवहारिक रूपमा कयौं गुणा आफ्नो क्षमता, योग्यता, अध्ययन, क्रियाशिलता बढाएर मात्र भ्रमलाई वास्तविकतामा बदल्न सकिन्छ, यो कुरामा सबैले ख्याल गर्नु पर्छ ।



चैत २० देखि चैत २६ गतेसम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



## कम्युनिष्टलाई फलामे तगारो !

**चैत २० गते ।** नेपालमा कम्युनिस्ट हुँ भन्ने पार्टीको उछितो खन्न थालिएको छ । कम्युनिज्मको परिभाषा नबुझ्नेले त खोइरो खन्नु स्वभाविकै र सामन्तवादको गुलामी गर्नु जस्तै होला तर बुझ्केकाले खोइरो खन्नु भनेको आफ्नो खुट्टामा आफैंले बञ्चरो हान्नु हो । किनभने नेपालमा ९०% मानिस कम्युनिस्ट छन् तर १०% ले शासन गरिरहेको छ । यता केही महिनादेखि आफूलाई कम्युनिस्ट हुँ भन्नेहरूलाई जनताले भोट दिएर शासन सुम्पिएका छन् तर यिनीहरू कम्युनिस्टको नामका ढोंगी हुन् । नहुन पनि किन ? विश्व साम्राज्यवादको घेरामा लपेटिएको छ, त्यो साम्राज्यवाद विना अर्थतन्त्र नै चल्दैन । त्यसैले हिजोआज प्रखर प्रगतिवादी हुँ भन्नेहरू पनि मार्क्सको पूँजीलाई मैले बुझ्नै सकिन भनेर लेख्न थालेका छन् । झोला जस्तो ससक्त कथा लेख्ने कृष्ण धारावासीले पनि लेखे मैले त पुँजी बुझ्दै बुझिन । हो, सर्वहारा मार्गबाट पुँजीवादमा बामेसर्दै गरेकाहरूले पुँजीलाई बुझ्दैनन् । बुझिहाले पनि त्यो पुँजीको बाटो पहिल्याउँदैनन् ।

**चैत २१ गते ।** पञ्चायतकालमा सूर्यबहादुर थापाले प्रशासविक निकायमा आफ्ना मानिस थोपर्नाखातिर लइएको स्वैच्छिक अवकास जस्तो राष्ट्रघाती कामलाई बर्तमान केपी सरकारका सामान्य प्रशासन मन्त्री लालाबाबु पण्डितले खारेज गरेर देशको निकै ठूलो धनराशी जोगाएका छन् । उनलाई साधुवाद । लोकसेवा पासगरेर निकै ठूलो योगदान गरेको र अतिरिक्त आम्दानीमात्रै कमाइ ठान्ने बाँनी बसेका कर्मचारीनै हुन । वेलावेलामा राज्यलाई सँकट पर्दा आन्दोलन मच्चाएर अरु सँकट निम्याउँने, सँघियताको नारा लाग्दा पक्षमा चिच्याउँने पनि यिनै कर्मचारी हुन् । अवका दिनमा कर्मचारीलाई मालिक होइन सिभिल सर्वेण्टको रूपमा उपयोग गरेमात्रै समृद्धिको नारा सफल होला है ।

**चैत २२ गते ।** नेपाली कफिले विश्व वजारमा सान देखायो भनेर एकथरी मानिसहरू नाक तिखो बनाएर हिडेका छन् तर नेपालमा कति कफि उत्पादन हुन्छ भन्ने तथ्याँक भने राखिएको पाँइदैन । सुन्तोला, अलैंची, वास्थ्य बर्धक जडिबुटी पनि प्रसस्तै हुने ठाउँ पनि नेपाल नै हो । समृद्धिको नारा लगाउँनेहरूले मानिस सप्लाई भन्दा यिनै मानिसले उत्पादन गरेका नेपाली अमृतजन्य सामग्री बिदेशी बजारमा पुऱ्याउन सक्योभने नेपाली जनता त्यसै समृद्धिको मार्गमा लम्किने थिए कि ।

**चैत २३ गते ।** मानिसले स्वार्थका लागि कति वेइमानी गर्दोरहेछ भन्ने कुरा आज सार्वजनिक भएको छ । पूर्व प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले वोलेको झटले जनताको मष्तिस्क नै खलबल्याइदिएको छ । ६५ वर्ष उमेर पुगेकालाई बृद्ध भत्ता दिन्छु, भूकम्पपीडितलाई रु. एकलाख थप अनुदान दिन्छु भनेर सत्ताबाट जातेजाते फुकिएको समाचार हावादारी रहेछ, मन्त्रीपरिषद्को म्याइन्युटमा समेत यि कुरा उल्लेल गरिएको रहेनछ । सायद झुटको खेति गर्ने अखडा सँसदीय व्यवस्था भनेको त्यसैले होला ।

**चैत २४ गते ।** हिजो शुक्रबार दिल्ली पुगेका प्रधानमन्त्री केपी ओलीलाई भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदर मोदीले चकाचौध बनाइदिए । आइतबार मात्रै दुई प्रधानमन्त्रीको भाटघाटको कार्यक्रम राखिएकोमा शनिवार नै ओली बसेको राष्ट्रपति भवनमा पुगेर मोदीले ओलीलाई भाटे । भाटेमात्रै होइन, निकैलामो एकान्तवास नै बसे । दुइदेशका राष्ट्र प्रमुखहरू यसरी एकान्तवास बस्नु हुन्छ हुदैन ठुलावडाले नै निर्क्योल गरुन तर एतिहासले यसलाई पचाउँदैन ।

**चैत २५ गते ।** प्रधानमन्त्री ओली हिजोआज दिल्लीमा व्यस्त छन् । हुनै पनि पऱ्यो, होइन भने पासा पल्टाएर आशाहरूलाई निरासामा परिणत गरिहाल्छ दिल्लीले । यो व्यस्ततामा साधारण मानिसलाई पनि चित्त नबुझेको कुरा के भने अरुले झैं ओलीले पनि दिल्लीका साहुरूलाई नेपालमा लगानी गर्नुस् भनेर किन लोली गाइरहहेका हुन कुन्नी ? नेपाललाई समृद्ध बनाउँन नेपालमै जति पनि पुँजी छ नि ! देख्ने आँखा छैनन् भने हामी देखाइदिन्छौं ।

**चैत २६ गते ।** हुँदाखाँदाको बृटिसको पालामा रक्सौल–सिमारा र जयनगर–जनकपुरसम्म चल्दै आएको रेल सेवालाई कवाडी बनाएर विचल्ली बनाउँनेहरू यतिवेला चीन र भारतबाट आएका रेलहरू काठमाडौं भेटिने भए भनेर नुनको सोझो गरिरहेका छन् । यि रेलहरू आउँन त आउलान् तर यो पुस्ताले देख्न पाउँछ कि पाउँदैन, कुरेर बस्नेहरूले त आस गर्नु स्वभाविकै हो अन्यले .....।


नयाँ वर्षको हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ को शुभअवसरमा हाम्रा सम्पूर्ण सेवाग्राही, यात्रु महानुभावहरू तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

हिरा उदास
अध्यक्ष
पूर्व कोशी लक्जरी यातायात प्रा.लि. परिवार
धरान, फोन नं. ९८५२०४९९७७

नयाँ वर्षको हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ को शुभअवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

गणेश पौड्याल
मेनेजिङ डाइरेक्टर
पी.बी. मनि ट्रान्सफर
पी.बी. ट्राभल्स एण्ड टुर्स प्रा.लि.
पोखरा-१०, बुद्धचोक, फोनः ०६१-५२२९५४

नयाँ वर्ष २०७५ को शुभअवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक/शिक्षिका तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

केशवप्रसाद भट्टराई – अध्यक्ष | होमनाथ ढुंगाना – प्रिन्सिपल
न्यू नमुना बोर्डिङ स्कूल
देवदह-९, भलुही, रूपन्देही

नयाँ वर्ष २०७५ को शुभअवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक/शिक्षिका तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

राजु गुरुङ- प्रिन्सिपल
सिद्धि चिल्ड्रेन एकेडेमी
बुटवल-१०, श्रवणपथ

नयाँ वर्षको हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ को शुभअवसरमा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

कैलाश कुमार श्रेष्ठ- डिभिजन प्रमुख
पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं. ४
बुटवल, रूपन्देही

नयाँ वर्षको हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ को शुभअवसरमा हाम्रा सम्पूर्ण नगरवासी तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रो.- राजेश्वर साह
नेशनल मसिनरी हाउस
पुष्पलाल पार्क, बुटवल-६, रूपन्देही
फोनः ०७१-५४४६५३

नयाँ वर्षको हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ को शुभअवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक/शिक्षिका तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्राचार्य
न्यू लाईट बोर्डिङ हाईस्कुल
ति. न. पा. -१, शंकरनगर, रूपन्देही
फोनः ०७१-४१४३६८

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस


गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म

| काठमाडौं सम्पर्क नम्बर | गाईघाट सम्पर्क नम्बर |
|---|---|
| बसन्त खड्का – ९८४२८३७७९३ | फोन नं. ०३५–४२१६४३ |
| – ९८१७७१९६९७ | पुरुषोत्तम खनाल – ९८५२८३५६९० |
| ईन्द्र कट्टेल – ९८१८४१५२९० | – ९८१५७८४८७४ |

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति

रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५

सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०

टाटासुमो बोलेरो

| काठमाडौं फोन | सिन्धुली फोन |
|---|---|
| ०१–५१००४९४ | ०४७–५२११६९ |
| ९८४११०६९६७ | ०४७–६९१३३२ |
| ९८४४४०३१५९ | ९७४४०२२७३५ |
| | ९८४४२५२३८५ |
| | ९८१२०७५६९८ |
| | ९८६०१०२७३७ |
| | ९८४४००८४०० |

यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।

## आलोपालो

# पुँजीपतिवर्गका मजदुर लेफ्टिनेन्टहरू


● हुकुमबहादुर सिंह ●

नेपालमा २०२८ सालमा ओलीको नेतृत्वमा झापा आन्दोलन र २०५२ सालमा प्रचण्डको नेतृत्वमा १० वर्से जनयुद्ध भए । त्याग, तपस्या र बलिदानको प्राय बनेका यी जनक्रान्तिहरूबाटको ओली र प्रचण्डको हिस्सालाई नेपालको कम्युनिस्ट आन्दोलनभित्र पुँजीपतिहरूले विशेषधिकारसम्पनन कम्युनिस्टहरूको एउटा जमात तयार पार्न र हुर्काउनमा उपयोग गरे । तिनीहरूबाट केहीलाई घुस, सुबिधा र सहुलियतहरू दिएर र कम्युनिस्टहरूमा एक सुबिधाभोगी जमात तयार पारेर तिनीहरूलाई आफ्नो नीहित स्वार्थमा लगाउने कुरो सबै मुलुकहरूमा शोषक-शासकवर्गहरूको एउटा खुलस्त नीति नै हो । त्यस रूपबाट कम्युनिस्टहरूमा एउटा अभिजातवर्गीय (कुलीन) समुदायको निर्माण हुन गयो, र उक्त समुदायको "पुँजीवादी" जीवनशैलीले त्यसलाई आम कम्युनिस्टहरूको दुखकष्ट र क्रान्तिकारी भावनाबाट एक दमै अलग पाऱ्यो । लेनिनले उक्त समुदायलाई "पुँजीपतिवर्गका मजदूर लेफ्टिनेन्टहरू"को संज्ञा दिनु भएको छ । (हेर्नुहोस लेनिन, "साम्राज्यवादः पुँजीवादको उच्चतम चरण"।)

यिनै पुँजीपतिवर्गका कम्युनिस्ट लेफ्टिनेन्टहरूको अहिले नेपालमा "बलियो"सरकार बनेको छ। किनभने उक्त सरकारमा यिनै पुँजीपतिवर्गका कम्युनिस्ट लेफ्टिनेन्टहरूको बर्चश्व छ । अहिले ओली र प्रचण्डको नेतृत्वमा एमाले र माके मिलेर "वामगठवन्धन"को सरकार बनाएका छन् र भन्दै छन्-२२ अप्रिल २०१८का दिन उनीहरूले आजसम्म लगाएको माके र एमालेको जामा फालेर वेग्लै पहिचान धारण गर्ने छन् । अथवा नयाँ कम्युनिस्ट पार्टीको गठन गर्ने छन् तर लेनिनले भनेझै उक्त बन्ने पार्टीमा ओली र प्रचण्ड दुवै लेफ्टिनेन्ट बनिरहने छन् ।

यी दुवै लेफ्टिनेन्टहरूको काम नेपालमा पुँजीवादी संसदीय व्यवस्थालाई चिरस्थायी बनाइराख्नका लागि कम्युनिस्टका नाममा भ्रमको खेती गर्ने हो । यसका लागि उनीहरूले दुइटा उपायको प्रयोग गर्न थालेका छन्- एउटा विकास र उन्नतीको नारामा सानातिना सुधारद्धारा र केही सहुलियत दिएर धोखेबाजीको उपाय र दोस्रो डण्डाको अथार्त बल-प्रयोगद्धारा दबाउने नीति अख्तियार गरेर । यो कुनै नौलो होइन्, यो त विश्वभरीका शोषकवर्गहरूले आफ्नो वर्गशासन कायम गर्नका लागि र शोषित-उत्पीडित वर्गलाई दासत्वमूनी राखी रहनका लागि अपनाउदै आएको नीति हो । नेपालमा अहिले ओली र प्रचण्डले कम्युनिस्टको नाममा नेपालका शोषित-उत्पीडित वर्गलाई पुँजीवादी संसदीय व्यवस्थाको दासत्वमूनी राखी रहनका लागि पुँजीपति वर्गले गर्ने यो काम कम्युनिस्ट बनेर गरेर देखाउने प्रतिवद्धता गरेका छन् । यद्धपि नेपालका केही कम्युनिस्टहरू उनीहरूको दक्षिणपन्थी संसदीय खेतीका विरुद्ध खडा भएर उभिएका छन् र तिनीहरूका विरुद्ध ओली र प्रचण्डले डण्डाको अथार्त बल-प्रयोगद्धारा दबाउने नीति अख्तियार गरेका केही उदाहरणहरू बाहिर आएका छन् । नेकपा(क्रान्तिकारी माओवादी)को कार्यकर्ताको प्रशिक्षण कार्यक्रममाथिको हस्तक्षेप र नेकपा (विप्लव समूह)को संगठन विस्तारमाथिको दमन र धरपकडआदि यस्का केही उदाहरणहरू हुन् ।

अर्कोतीर ओली र प्रचण्डले विकास र उन्नतीको नारामा सानातिना सुधारद्धारा र केही सहुलियत दिएर धोखेबाजीको उपाय अपाउने छन् । कम्युनिस्ट आन्दोलनमा विभाजन ल्याउन र पुँजीवादी संसदीय व्यवस्थालाई त्यसमा घुसाउने उद्येश्यले अपनाउने यो नीतिले कम्युनिस्ट आन्दोलनका कतिपय नेता तथा कार्यकर्ताहरूमा पुँजीवादी संसदवाद र पुँजीवादी संसदीय व्यवस्थाप्रति सम्मान र समर्थन पैदा हुन गएको छ । उक्त "उदार"नीतिको भ्रम र धोखामा परेर कैयौ कम्युनिस्ट नेता र कार्यकर्ताहरूमा कस्तो धारणा पैदा भएको छ भने वर्ग संघर्षको बाटो अब अनुपयुक्त भएको छ र सुधारको बाटोबाट सर्वहारावर्गीय मुक्ति-समाजवाद हासिल गर्न सकिन्छ । ओली अथवा एमालेले एक्लै यस्तो भ्रम र धोखामा नेपाली जनतालाई पार्न सम्भव थिएन् किनभने एमाले र ओलीबाट नेपाली जनताले यस्ता भ्रम र धोखाको मार खेप्दै आएका हुन् तर प्रचण्ड र माकेको एमाले र ओलीसितको मिलनले यो संशोधनवाद र अवसरवादलाई जनताको नजरमा धुमिल बनाइदिएको छ । यस्तो संशोधनवाद र अवसरवादको उपरोक्त स्रोतलाई लेनिनले निम्न रूपमा देखाउनु भएको छः

"मजदुर आन्दोलन(कम्युनिस्ट आन्दोलन-ले)मा सहभागी बनेकाहरूबीच मतभेदको एउटा ज्यादै महत्वपूर्ण कारण सामान्यतः शासकवर्गहरू(ओली र प्रचण्ड-ले)को र विशेषतः पुँजीपति वर्गको कार्यनीतिमा हुने हेरफेरमा रहेको छ । पुँजीपति वर्गको कार्यनीति सधैभरी एकरूपको वा कमसेकम एउटै खालको भएको भए, मजदुरवर्गले पनि त्यसैगरी एक रूपको वा कमसेकम एउटै खालको कार्यनीतिद्धारा त्यसको जवाफ दिन छिटोसित सिक्ने थिए । तर, वास्तविक कुरो के छ भने, हर मुलुकमा पुँजीपति वर्गले अनिवार्य रूपले शासनका दुई व्यवस्था, आफ्नो हितको निम्ति लडने र आफ्नो आधिपत्य कायम राख्ने दुई तरीका अपनाउँछ, र ती तरीकाहरू कहिले एकपछि अर्कोगरी प्रयोग हुन्छन् भने कहीले विभिन्न रूपबाट संगसँगै प्रयोग हुन्छन् । तिनमा पहिलो शक्तिको प्रयोगको तरिका हो-त्यस्तो तरीका, जसले मजदुर आन्दोलनलाई सहुलियत दिन इन्कार गर्दछ, जसले पुराना तथा समय नसुहाउँदा संस्थाहरूलाई टेवा दिन्छ, जसले सुधारलाई सीधा रूपमा अस्विकार गर्दछ । .......दोस्रो हो 'उदारतावाद'को तरीका, राजनीतिक अधिकारहरूको विकासतर्फ, सुधार, सहुलियतआदितर्फ पाइला चाल्ने तरीका हो ।"

अहिलेसम्मको मूल्यांकनमा ओलीले पहिलो तरीकाको प्रयोगलाई रुचाउने गर्दछन् भने प्रचण्ड दोस्रो तर्फको पाइला चाल्ने तरीका तर्फ झुकाव देखिन्छ । आखिरमा त्यही हुने छ जो पुँजीपति वर्गको कार्यनीतिमा भर पर्ने छ । प्रचण्डको 'उदारतावाद'को तरीका वा ओलीको शक्तिको प्रयोगको तरिका, ती दुबैको एउटै उद्येश्य हो- पुँजीवादी संसदवाद र पुँजीवादी संसदीय व्यवस्थाप्रति सम्मान र समर्थन । जसले जे भने पनि सही अर्थमा सत्ता जब पुँजीपतिवर्गका मजदूर लेफ्टिनेन्टहरूको हातमा छ भने हित पनि पुँजीपतिवर्गकै त हुने हो ।

*hukumsingh2012@yahoo.com*


नयाँ वर्ष २०७५ को शुभअवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रो.- सितारामलोहार
**न्यू सनराइज ज्वेलर्स**
मन्थली नपा-१

नयाँ वर्ष २०७५ को शुभअवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**चिरञ्जीवी डेरी उद्योग प्रा.लि.**
मन्थली-१


## जलसम्पदा...

गरी गरिनु पर्दथ्यो । भारतसँग गरिएका सबै सम्झौतामा भारतलाई मात्रै फाइदा छ ।"

नेपालको जलसम्पदालाई भारतले आफ्नो आर्थिक विकासको आधार मानेको छ । मोदीले संयुक्त पत्रकार सम्मेलनमा भने, "भारतको विकासका लागि मेरो सच्चा साथ सच्चा विकासको मूल मन्त्र हो । नेपालका लागि प्रधानमन्त्री ओलीजीको 'समृद्ध नेपाल सुखी नेपाली'को अभियान एकअर्काका पूरक हुन् । हामी दुवै यसका लागि पूर्णतः सहमत छौं ।"

मोदीले भनेका छन्, "प्रधानमन्त्री ओलीजीसँग मिलेर मैले जलसंसाधन र ऊर्जासम्बन्धी परियोजनाहरूको पनि रिभ्यु गरें । हामी दुवै अरुण-३, पञ्चेश्वर, सप्तकोशी र सुनकोशीजस्ता परियोजनाको गति बढाउनेबारेमा सहमत भएका छौं ।"

मोदीले यो पनि भने, "भारत र नेपालबीच सुरक्षा र रक्षाका विषयमा गहन सम्बन्ध छ । हामी दुवै देश आफ्नो खुला सीमा दुरूपयोग रोक्ने र साझा सुरक्षा हितलाई अघि बढाउनेबारेमा सहमत भएका छौं ।"

मोदीका उल्लेखित भनाइबाट प्रष्ट हुन्छ कि प्रम ओली मोदीसँग दुई पटकसम्म भएको वन टु वन वार्ताबाट जलसम्पदामाथि भारतीय एकाधिकार स्थापित गर्दै सुरक्षा र परराष्ट्र मामिलालाई भारतीय सुरक्षा छाताभित्र राख्ने गरी विगतमा भएका सहमति कार्यान्वयन गर्न सहमत भएका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजरेलले त प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणपूर्व नै आफ्नो फेसबुकमा स्टाटस लेख्दै विगतका सन्धि सम्झौता कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएर ओलीले आफ्नो राष्ट्रघाती चेहेरा छर्लङ्ग पारेको उल्लेख गर्नुभएको थियो । उहाँले लेख्नुभएको छ, " केपी ओलीको भारत भ्रमणको यथार्थ अब प्रष्ट भएको छ । अरुण तेस्रो, अपर कर्णाली, महाकाली, कोशी उच्च बाँध आदि अनगिन्ती राष्ट्रघाती सम्झौताहरूलाई लागू गर्ने कसम खान यो दिल्ली भ्रमण हुँदै रहेछ भन्ने कुरा उनैले प्रष्ट पारेका छन् । ओलीको भ्रमणबाट नेपालमा देशभक्तिपूर्ण आन्दोलनको नयाँ अध्याय सुरु हुनेछ ।"

राजनीतिक विश्लेषण भरत दाहालले लेखेका थिए, "सम्बन्ध सुधार गर्ने बहाना र उद्देश्य विनाको जलयात्राको सपना पूरा गर्ने नाममा देशलाई दीर्घकालिन असर गर्ने उच्च कोशी बाँध जस्ता विषयमा कुनै संझौताहरू गरियो भने यो नेपालद्रोहको चरम रूप हुनेछ ।"

अन्ततः ओलीले कोशी उच्चा बाँध भारतीय स्वार्थ अनुसार बनाउन सहमत भएपछि नै अन्तर्राष्ट्रिय कानुन अनुसार भुपरिवेष्ठित मुलुकले पाउनु पर्ने समुन्द्रसम्मको मार्ग प्रदान गर्न भारत सहमत भएको परराष्ट्र स्रोतको दावी छ ।

भारतले नेपाललाई चीनसँगको सम्बन्ध विस्तार रोक्नका लागि ओलीको स्वागत गरेको र नेपालको सुरक्षा प्रणाली नियन्त्रण गर्न संयुक्त सुरक्षा चौकी स्थापनाको प्रस्ताव राखेको पनि राजनीतिक विश्लेषक दाहालको दावी छ । उनको दावी छ, "इण्डिया छिमेकी मित्र बन्छ भन्ने सोंच लम्पसारवादीहरूको मृगतृष्णा मात्र हो ।" उनले आफ्नो फेसबुक पेजमा लेखेका छन्, "यहाँका दमितहरूले इण्डियासंगको सम्बन्ध पूरै सुध्रिसक्यो भनेर नेपालीहरूको मानसिकतामा विष घोल्न खोजिरहेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी) लगायतका देशभक्त तथा क्रान्तिकारी शक्तिले पटक पटक स्पष्ट पार्दै आएको छ कि नेपालको आर्थिक विकासका लागि नेपालको प्राकृतिक स्रोतसाधन तथा मानवीय श्रम शक्तिको नेपालमै सदुयपोग गर्नु पर्दछ । भारतसँग गरिएका सन् पचासलगायत असमान तथा राष्ट्रहीत विपरीतका सन्धि तथा जलविद्युत सम्झौता खारेज गरी नेपाल सरकार र जनताको संयुक्त लगानीमा बनाइनु पर्दछ, अन्तर्राष्ट्रिय कानुन विपरीत सीमामा बनाइएका बाँधहरू भत्काइनु पर्दछ, अतिक्रममित भूभाग फिर्ता गरिनु पर्दछ । र, पञ्चशीलमा आधारित परस्पर हितमा आधारित रहेर २१ औं शताब्दी सुदाउँदो नयाँ सन्धि गरिनु पर्दछ । विगतमा ओलीलगायतका कम्युनिष्ट पार्टी र नेताहरूले पटक पटक उठाएका यी मागहरू ओलीले भ्रमणको बेला उठाएनन् । बरु मोदीको प्रशंसामा थुप्रै शब्द खर्चिए ।

क्रान्तिकारी माओवादीलगायत नेकपा (मसाल), विप्लव नेतृत्वका नेकपा, ऋषि कट्टेल नेतृत्वको नेकपा लगायत थुप्रै देशभक्त तथा क्रान्तिकारीहरूले ओलीले भारतीय विस्तारवादी शासकलाई खुशी पार्न र सत्तामा टिकिरहन गरेको चाकडी र दलालीको विरोध गरेका छन् । र, चार कम्युनिष्ट पार्टी राष्ट्रघाती सन्धिसम्झौताका विरुद्ध चरणवद्ध आन्दोलनको घोषणा समेत गरेका छन् ।

यसैबीच, प्रधानमन्त्री केपी ओलीले नेपाल र भारतबीच नमुना सम्बन्ध स्थापित गर्न चाहेको बताए । भारतीय समकक्षीसँग वार्तापछि हैदरावाद हाउसमा आयोजित पत्रकारसम्मेलनमा उनले २१औं शताब्दीअनुकूलको र विश्वासमा आधारित सम्बन्ध नेपालको प्राथमिकतामा रहेको सुनाए । ओलीले भने, 'हामी भारतसँगको सम्बन्धलाई उच्च महत्व दिन्छौं ।' आफू प्रधानमन्त्री हुनुभन्दा अघि भारतीय विदेशमन्त्री सुष्मा स्वराजको नेपाल भ्रमण भएको स्मरण गर्दै ओलीले त्यसका लागि मोदीलाई धन्यवाद दिए ।


**नयाँ वर्षको हार्दिक शुभकामना**

नयाँ वर्ष २०७५ को शुभअवसरमा
देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**विष्णु विक्रम कन्दङ्गवा**
**अध्यक्ष**

**आठराइ गाउँपालिका परिवार**
**तेह्रथुम**

**नयाँ वर्षको हार्दिक शुभकामना**

नयाँ वर्ष २०७५ को शुभअवसरमा
देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**सञ्जय तुम्बाहाङफे**
**मेयर**

**माङलुङ नगरपालिका परिवार**
**तेह्रथुम**





**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **फोटो**: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।